प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
प्रादेशिक सुशासन केन्द्र
पुन्ना, डोटी, नेपाल

# अन्तिम प्रतिवेदन

# दशरथचन्द नगरपालिका, बैतडी जिल्लाको क्षमता विकास योजना

प्रस्तुत कर्ता


**Bhugol Engineering Consultant (P) Ltd.**
Subidhanagar-32, Kathmandu, Nepal
Email: bhugol.eng@gmail.com
Website: bhugol.com.np

प्रदेश सरकार,सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# प्रादेशिक सुशासन केन्द्र
पुन्ना, डोटी, नेपाल

पत्र सं:
च.नं:

मिति : २०७९/३/२२



## मन्तव्य

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) देशका ७ वटा प्रदेश र ७५३ वटा स्थानीय तहहरुमा नेपालको संविधान २०७२ को मर्म अनुसार सघीयता कार्यान्वयन, प्रदेश सरकार र स्थानीय सरकारको क्षमता विकास, प्रदेश सरकार र स्थानीय सरकारको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाउन साथै चुस्त, दिगो, समावेशी, जनउत्तरदायी शासन प्रणाली स्थापना गर्न आ.व. २०७६/०७७ बाट ४ वर्षका लागि यो कार्यक्रम संचालन भएको छ ।यस सुदूरपश्चिम प्रदेशमा क्षमता विकासको लागि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटीबाट सेवा प्रवाहको ब्यवस्था मिलाई कार्यक्रम संचालन भई रहेको छ ।

नेपालमा संघीयताको अभ्यास नयाँ विषय हो । परिवर्तित परिवेशमा तिनै तहका सरकारहरुका विचको समन्वय,सहकार्य र सहअस्तित्ववाट मात्र निर्धारित लक्ष्यमा पुग्न सकिन्छ । यसै सन्दर्भमा संघीयताको सफल ,कार्यान्वयनको लागी तिनै तहका सरकारहरुको क्षमता विकासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रदेश र स्थानीयतहको क्षमता अभिवृद्धि गरेर संघीयताको जग वलियो बनाउन सकिन्छ । यही वलियो र दिर्घकालिन संस्थागत विकास गर्ने उद्देश्यले प्रादेशिक सुशासन केन्द्र, डोटीले प्रदेश तथा स्थानीय तहका निर्वाचित मनोनित र नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले काम गरि रहेको छ ।

आव २०७८।०७९ को यस केन्द्रको वार्षिक कार्यक्रम अनुसार स्थानीयतहको संस्थागत क्षमता विकासका कार्यहरु अन्तर्गत आवधिक योजना निर्माण, राजश्व सुधार कार्य योजना, क्षमता विकास योजना, लैंगिक समानता तथा सामाजिक समावेसीकरण रणनीति आदि जस्ता कार्यहरुमा गाँउपालिका/नगरपालिकासंगको समन्वय र सहकार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिदै आएको छ । सोही सन्दर्भमा तहाँ गाँउपालिका/नगरपालिको क्षमता विकास योजना निर्माणमा यस केन्द्रवाट सहयोग गर्नपाउँदा म व्यक्तिगत तथा प्रादेशिक सुशासन केन्द्रको सम्पूर्ण विज्ञ र

कर्मचारीहरुको तर्फवाट खुशी व्यक्त गर्दछु । भविष्यमा पनि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटी यस कार्यमा निरन्तर सहयोग र सहकार्य गरि रहने छ ।

अन्तमा क्षमता विकास योजना निर्माण कार्यको शुरु देखि नै आवश्यक सहयोग गरि उक्त कार्य सम्पन्न गर्नमा योगदान पुर्याउनु हुने गाँउपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख एवं सम्पुर्ण गाँउ/नगर कार्यपालिकाका सदस्यहरु तथा प्रमुख प्रशासकिय अधिकृत र सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यस्तै यस कार्यमा  संलग्न विज्ञ एवं प्राविधिक समूहलाई पनि धन्यवाद दिन चाहन्छु ।

पदमराज जोशी

कार्यकारी निर्देशक

प्रादेशिक सुशासन केन्द्र ,पुन्ना, डोटी

# कृतज्ञता ज्ञापन

नेपालको संविधान अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । संघीयता हाम्रा लागि नौलो अभ्यास भएको र यसको सफल कार्यान्वयनमा स्थानीय तहको "क्षमता विकास योजना" तर्जुमाको महत्वपूर्ण भूमिका हुने भएकाले यस दस्तावेजमा दशरथचन्द नगरपालिकाको "क्षमता विकास योजना" तर्जुमा गरिएको छ ।

अन्तमा, यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रादेशिक सुशासन केन्द्र, डोटी तथा स्थानीय तहको क्षमता विकासको अवस्था अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने स्थानीय तहका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

भुगोल ईन्जिनियरीङ्ग कन्सल्ट्यान्ट प्रा.लि.

# विषयसूची


**पृष्ठ सङ्ख्या**

**परिच्छेद एक: परिचय** **१**

१.१ पृष्ठभूमी १

१.२ क्षमता विकास योजनाको औचित्य ३

१.३ क्षमता विकास योजना तर्जुमाका उद्देश्यहरू ५

१.४ क्षमता विकास योजनाको अवधारणा ६

१.५ क्षमता विकास योजनाको तयारीका संवैधानिक, नीतिगत र कानुनी व्यवस्था ९

१.६ क्षमता विकास योजना तर्जुमा प्रकृया १२

**परिच्छेद दुई: दशरथचन्द नगरपालिकाको परिचय** **१९**

२.१ नगरपालिकाको परिचय १९

२.२ नगरपालिकाको संगठन तथा मानव संसाधन अवस्था २०

**परिच्छेद तीन: क्षमता विकास योजना** **२३**

३.१ पृष्ठभूमी २३

३.२ क्षमता विकास योजना २३

३.२.१ संस्थागत क्षमता विकास योजना २३

३.२.१.१ मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा २४

३.२.१.२ नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा २५

३.२.१.३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा २८

३.२.१.४ क्षमता विकाससाग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान २९

३.२.१.५ नगरपालिकाको संस्थागत क्षमता विकास योजना ३१

३.२.१.६ नगरपालिकाको संस्थागत क्षमता विकासको खर्च सारांश ३६

३.२.२ मानव संशाधन विकास योजना ३६

३.२.२.१ स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम ३६

३.२.२.२ स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम ४०

३.२.२.३ स्थानीय सरकारको मानव संशाधन क्षमता विकास योजना ४०

३.२.२.४. मानव संशाधन क्षमता विकास योजनाको वजेट सारांश ४८

**परिच्छेद चार : क्षमता विकास योजना कार्यान्वयन रणनीति तथा प्रथम वर्ष (आ.व. २०७९/०८०) को योजना कार्यान्वयन तालिका** ४९
**४.१ पृष्ठभूमि** ४९
४.२ उद्देश्यहरू ४९
४.३ कार्य क्षेत्र ४९
४.४ क्षमता विकास योजना कार्यान्वयन रणनीति ५१
४.४.१ मागमा आधारित क्षमता विकास रणनीतिः ५१
४.४.२ आपूर्तिमा आधारित क्षमता विकास रणनीति ५१
४.५ कार्यान्वयन तालिका प्रथम वर्ष ढआ.व. २०७९/०८०) ५२
**परिच्छेद पाँचः कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन** **५५**
५.१ कार्यक्रम व्यवस्थापन ५५
५.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन ५५
५.२.१ नियमित अनुगमन ५५
५.२.२ मध्यावधिक समीक्षा ५६
५.२.३ आयोजना कार्यन्वयन समाप्ति पछिको मूल्याङ्कन ५७
५.३ कार्यान्वयनका सिद्धान्तहरू ५७
५.३.१ बिभेद शून्य ५७
५.३.२ पारदर्शिता ५७
५.३.३ समन्वय र सहकार्य ५७
५.३.४ योगदानमा आधारित कार्यक्रम ५७
५.४ प्रभाव मूल्याङ्कन ५७
५.५ निष्कर्ष ५८
५.६ सुझावहरू ५८
**सन्दर्भ सामाग्रीहरु** ६०
**अनुसूचीहरु** ६१

# तालिका सूची

**पृष्ठ सङ्ख्या**


तालिका १: दशरथचन्द नगरपालिकाको जनसाङ्ख्यिक विवरण २०
तालिका २: नगरपालिकाको मानव संसाधन अवस्था २१
तालिका ३: स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन २३
तालिका ४:स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा २६
तालिका ५: क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू ३०
तालिका ६: स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा ३२
तालिका ७: संस्थागत क्षमता विकासको खर्च सारांश ३६
तालिका ८: स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा ३७
तालिका १०: स्थानीय सरकारको मानव संशाधन विकास योजनाको ढाँचा ४१
तालिका ११: योजनाका लागी तीन वर्षको वजेट ४८
तालिका १२: पहिलो वर्षको कार्ययोजना (२०७९र०८०) ५३

# चित्र सूची

**पृष्ठ सङ्ख्या**


चित्र १: क्षमता विकास बिश्लेषण ढाँचा – संगठन एउटा खुल्ला प्रणालीको रूपमा ६
चित्र २: स्थानीय सरकारको क्षमता विकासका प्रकारहरूक ८
चित्र ३: क्षमता विकासका विभिन्न तहहरू ९
चित्र ४: क्षमता विकास योजना निर्माण प्रक्रियाहरूका चरणहरू १२
चित्र ५: नगरपालिकाको अवस्थिति नक्शा १९

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमी

बाह्य स्रोतहरू माथिको परनिर्भरतालाई न्युनीकरण गरी व्यक्ती, संस्था वा संगठनले तोकेका कार्यहरू निरन्तर रूपमा प्रभावकारी ढङ्गले संपन्न गर्ने कार्यलाई क्षमता वा सामर्थ्य भनिन्छ । क्षमता विकास योजना मुख्यतः मानव संसाधनको विकास (जनता), संस्थागत विकास (स्थानिय सरकार) र स्थानिय सरकारले आफ्नो कार्य संपादन गर्ने नीतीगत परिवेशसंग संबन्धित हुन्छ । त्यसैले क्षमता विकास अन्तर्गत त्यस्ता क्रियाकलापहरू समावेश हुन्छन् जसबाट व्यक्तिहरूको ज्ञान, क्षमता, शीप र व्यवहार एवं संस्थागत संरचना र प्रक्रियाहरू सबल बन्दै जान्छन् र तिनीहरूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्यहरू पुरा गर्न सक्षम हुन्छन् ।

नेपालको संविधान २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तरिका तथा योजना तर्जुमाको शैली र सोंच परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै सवालहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन अपरिहार्य छ । विद्यमान मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै कार्य सम्पादनमा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु प्राप्त गर्ने नागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्न जान्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधनको विकास संस्थागत क्षमतामासुधार र आवश्यक पूर्वाधारको दिगो विकास गरि नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ ।

स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले नतिजामुखी सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११४ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट **"गाउँ/नगरपालिको क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६"** तयार भएको छ र सोही दिग्दर्शनलाई आधार मानी हरेक पालिकाले ३ वर्षे क्षमता विकास योजना तयार गर्नु पर्ने नीतिगत व्यवस्था गरिएको छ । यो कृयाकलाप प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट हुने सहयोग/सहजीकरणको लागि छनोट भएका स्थानीय तहहरूमा सम्बन्धित स्थानीय तहहरूसंगको नजिकको समन्वय र सहभागितामा सम्पन्न गरिनेछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, सङ्घ प्रदेश र स्थानीय तह समन्वय र अन्तरसम्बन्ध ऐन, २०७७ जस्ता विभिन्न कानूनहरूले स्थानीय तहका जिम्मेवारी, भूमिका र अन्तरसम्बन्धका विषयहरूमा स्पष्ट व्यवस्था गरेका छन् । संविधानमा उल्लेख भएका अधिकारका सूचीहरूको व्यावहारिक कार्यान्वयनको स्थिति, स्थानीय सरकारको शासन सञ्चालन क्षमता र स्थानीय शासनलाई प्रभावकारी तुल्याउनका लागि आगामी दिनमा आवश्यक पर्ने क्षमताको अन्तर पहिचान गरी यस्ता अन्तर एवम् कमजोरीलाई निराकरण गरी स्थानीय तहलाई सवल र सक्षम शासकीय एकाईका रूपमा स्थापित गर्न अवलम्बन गर्नुपर्ने उपायहरूका बारेमा विश्लेषण गर्ने प्रयास यस अध्ययनले गरेको छ ।

स्थानीय तहहरू नगरिकको जीवनस्तर सुधारका लागि एकीकृत रूपमा कार्य गर्ने जिम्मेवार निकाय हुन । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन भन्ने कुरा विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरूको क्षमतामा तथा त्यहाँ कार्यरत कर्मचारीहरूको गुणस्तरीय एवं दृढ इच्छाशक्तिमा निर्भर गर्दछ । संविधान प्रदत्त एकल र साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा, प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ । तर अधिकांश स्थानीय सरकारहरू बहुआमिक चुनौतिको सामना गर्नुपर्ने अवस्थामा छन । यस्तो अवस्थामा स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको तर जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुँदा सेवा प्रवाह अपेक्षा गरे अनुरूप नहुन सक्छ । यस्तो परिवेशमा नागरिकका आवश्यकताहरूको प्राथमिकीकरण गर्न सकिदैन र विकासका गतिविधिहरूको व्यवस्थापनमा अलमल हुन्छ । विकास प्रशासनकाविभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न कठिन हुन जान्छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न विकास साझेदारहरूको सहयोगमा प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम संचालनमा ल्याएको छ । देशका सातै प्रदेश तथा ७५३ स्थानीय तहमा कार्यान्वयन गरिने यो कार्यक्रम प्रदेश सरकारमार्फत प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारीहरूको क्षमता विकास साथै संस्थागत क्षमता (नीतिनियम, विधि, निर्देशिका, क्षमता विकास योजना, आचार संहिता कार्यशैली) जस्ता अवस्थाहरूको स्व-मूल्याङ्कन गर्न सहयोग गरिरहेको छ । त्यसैगरि स्थानीय तहमा जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरूको क्षमता विकास गरि कार्यसम्पादनमा सुधार र स्थानीय तहको संस्थागत सुधार एवं शासकीय क्षमताको अभिवृद्धि गर्ने उद्देश्यले प्रादेशिक सुशासन केन्द्र, सुदूरपश्चिम, पुन्ना, डोटीको वित्तीय सहयोग र भूगोल इन्जिनियरिङ्ग कन्सलट्यान्ट प्रा. लि. को प्राविधिक सहयोगमा यस **दशरथचन्द नगरपालिका**को क्षमता विकास योजना तर्जुमा गरिएको हो ।

## १.२ क्षमता विकास योजनाको औचित्य

नेपालको संविधानले केन्द्रीकृत र एकात्मक राज्य प्रणालीलाई अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था स्थापना गरेको छ । नेपालको संविधानले तीन तह (संघ, प्रदेश र स्थानीय) को सरकारको व्यवस्था गरी २०७३ फागुनमा साविकका गा.वि.स. तथा नगरपालिकाहरूलाई खारेज गरी स्थानीय सरकारको नयाँ संरचना कायम गरेको हो । नेपालमा ७५३ वटा स्थानीय सरकारहरू ( २९३ नगरपालिकाहरू तथा ४६० गाउँपालिकाहरू) र ७७ वटा जिल्ला समन्वय समितिहरू स्थापना भएपछि २०७४ साल असोजसम्ममा सबै पुनर्गठित स्थानीय सरकारहरूको निर्वाचन सम्पन्न भएको थियो । स्थानीय सरकारको निर्वाचन सम्पन्न भए लगत्तै २०७४ साल असोजमा नै स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन जारी भएको थियो । यी ऐनले गरेको संवैधानिक व्यवस्था अनुसार स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय सरकारमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न वित्त व्यवस्थापन सम्बन्धमा स्थानीय सरकारको अधिकारलाई थप स्पष्ट व्यवस्था गरेको छ ।

नागरिकहरूको सन्निकट रहेर संविधानले नि:सृत गरेको अधिकारहरूको प्रयोग गर्दै नागरिकहरूलाई छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गरी लोकतन्त्रका लाभहरूलाई नागरिकबीच प्रत्याभूति गराउने गहन जिम्मेवारी स्थानीय सरकारका रूपमा स्थापीत स्थानीय तहको हो । दिगो विकासका लक्षहरू हासिल गर्न, सुखी र समृद्ध नेपाल निर्माण गर्न र सामाजिक न्याय स्थापीत गरी समतामुलक समाज निर्माण गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तर सुधारमा धेरै प्रयत्न गर्नुपर्ने देखिएको छ । यसर्थ, सबै स्थानीय सरकारहरूको कार्य दक्षता (मानव संसाधन, संस्थागत क्षमता) बृद्धि गर्न नतिजामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न सहयोग पुगोस, नागरिकहरूले गुणात्मक र पारदर्शी सेवा प्राप्त गरी संघीय शासन व्यवस्थाको अनुभूतिगर्न सकून, सेवा प्रवाह र विकासका नवीनतम अवधारणाहरूको प्रयोगद्वारा सुशासन स्थापनामा सहयोग पुर्‍याउनको लागि माग तथा आवश्यकतामा आधारित कार्यक्रम तर्जुमागर्न स्थानीय तहको क्षमता विकास योजनाले महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने कुरामा दुईमत छैन ।

संवैधानिक व्यवस्था अन्तर्गत नयाँ शासकीय संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई विगतमा केन्द्रीय सरकार मातहत रहेका कतिपय विषयगत कार्यालयहरू मार्फत् प्रदान गरिएका सेवाहरूलाई हस्तान्तरण गरिएको छ । यसले गर्दा विगतको स्थानीय निकायहरूको तुलनामा नयाँ संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई वित्तीय स्रोत साधनको अतिरिक्त बढी अधिकार तथा जिम्मेवारी प्राप्त छ । दिगो विकासका लक्ष्यहरू हासिल गर्न, सुखी र समृद्ध नेपाल निर्माण गर्न तथा सामाजिक न्याय स्थापित गरी समतामूलक समाज निर्माण गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तर सुधारमा धेरै प्रयत्न गर्नुपर्ने देखिएको छ । परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न स्थानीय

सरकारहरूमा उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरू प्राप्ति तथा प्राप्त अधिकार क्षेत्रमा सेवा प्रदान तथा विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयनमा निरन्तर सुधार ल्याउन जरूरी हुन्छ । जसका लागि स्थानीय सरकारको विद्यमान क्षमताको अध्ययन तथा विश्लेषणको आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ । यसका साथै स्थानीय तहमा आर्थिक अनुदानको परिमाण बढ्दै गएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगद्धारा र स्थानीय तह संस्थागत क्षमता विकास स्वमुल्याङ्कन (LISA) ले पनि नगरपालिकाको प्रभावकारी कार्य सम्पादन मापनका आधारमा स्थानीय तहहरूलाई अनुदान दिने व्यवस्था गरेको अवस्थामा स्थानीय तहहरूको क्षमता विकासमा जोड दिन अति आवश्यक देखिएको छ । साथै स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) बाट प्राप्त सुझावहरूलाई कार्यान्वयनका लागि पनि यो क्षमता विकास योजना तयार गरी कार्यान्वयन गर्न लागेको छ ।

स्थानीय सरकारले संविधान तथा कानूनले तोकेका भूमिका र जिम्मेवारी अनुरूप कार्य सम्पादन गर्दा समग्र राष्ट्रिय योजना र लक्ष्य, विश्वव्यापी साझा लक्ष्यको रूपमा रहेका दिगो विकासका लक्ष्य तथा स्थानीयस्तरका आवश्यकताहरू परिपूर्ति गर्ने गरी योजनाबद्ध रूपमा कार्य सम्पादन गर्नुपर्ने हुन्छ । भर्खरै सम्पन्न स्थानीय निर्वाचन मार्फत निर्वाचित भै आएका जनप्रतिनिधिहरूले कामकाज सुरुवात गरेको अवस्था छ । स्थानीय तहले आफ्नो भूमिका निर्वाह गर्न उपयोग गरेको क्षमताको अध्ययन एवं विश्लेषण गर्दै भविष्यमा प्रभावकारी कार्य सम्पादनका लागि आवश्यक पर्ने क्षमताको पहिचान गर्नका लागि यो अध्ययन उपयोगी हुने अपेक्षा गरिएको छ ।

माथि उल्लेखित क्षमता विकासका पक्षहरूलाई सम्वोधन गर्न स्थानीय तहका अवयवहरू (मानव संसाधन, संस्थागत अवस्था र कार्यालय पूर्वाधार) तथा सूचना प्रविधिको प्रयोगद्वारा द्रुत र विश्वसनीय सेवा प्रवाह गर्नु आजको अनिवार्य आवश्यकता हो । यसर्थ, स्थानीय तहको क्षमता विकास योजना निर्माणको आवश्यकता र औचित्यलाई निम्नानुसार बुँदागत रूपमा पुष्टि गर्न सकिन्छ :-

क) संविधानप्रदत्त अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, पारदर्शी र गुणात्मक सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको कार्यक्षेत्रमा रहेको छ ।

ख) स्थानीय तहबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानूनी र नैतिक दायित्व रहेको छ ।

ग) स्थानीय तहका अधिकार र जिम्मेवारीहरू कुशल रूपमा सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता विकास गर्नु आवश्यक रहेको छ ।

घ) विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय तहलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय तहको संस्थागत क्षमता विकास गर्न आवश्यक रहेको छ ।

ङ) स्थानीय सरकारहरूको संस्थागत स्व-मुल्यांकनबाट सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष लगायत स्थानीय तहको समग्र कार्यगत क्षेत्रहरू, कानुनी प्रावधानहरूको कार्यान्वयन प्रक्रिया र उपलब्धिहरूको स्थिति पहिचान भएकोले सो को आधारमा क्षमता बिकास योजना निर्माण आवश्यक देखिएको छ ।

च) आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी कर्मचारी तथा शासन प्रणाली स्थापित गर्नु आवश्यक रहेको छ ।

## १.३ क्षमता विकास योजना तर्जुमाका उद्देश्यहरू

स्थानीय तहको क्षमता विकास योजना तर्जुमा गर्नुको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) स्थानीय तहको संस्थागत स्व-मुल्यांकनबाट प्राप्त क्षमता विकासको क्षेत्रमा देखिएका अन्तर पत्ता लगाई सोको पूर्तीका लागि क्षमता विकासको योजना तर्जुमा गर्ने,

ख) क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक कृयाकलापहरू पहिचान गर्ने र उक्त क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने श्रोतको पूर्वानुमान गर्ने,

ग) क्षमता विकासका क्रियाकलाप मार्फत स्थानीय तहको सेवा प्रवाह तथा कार्य सम्पादनस्तर सुधार गर्ने,

उपरोक्त उद्देश्यहरू हाशिल गर्न क्षमता विकास योजना तर्जुमाका माध्यमले प्राप्त गरिने निर्दिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) संविधान तथा प्रचलित कानूनहरूबाट प्राप्त अधिकार अनुसार कार्य सम्पादन गर्न स्थानीय तहको आन्तरिक तथा वाह्य वातावरणको विश्लेषण गर्ने,

ख) स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारी दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी, कर्मचारी तथा सहयोगी निकायहरू लगायत स्थानीय विकासका सरोकारवालाहरूको कार्यदक्षता वृद्धिको आवश्यकतालाई सहभागितात्मक विधि अवलम्बन गरी पहिचान गर्ने,

ग) प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मार्गदर्शन गर्ने,

घ) सेवा प्रवाह तथा विकास व्यवस्थापनमा सार्वजनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको अनुसरण तथा प्रयोग गर्न आधार तयार गर्ने,

ङ) संस्थागत विकास तथा मानव संशाधन विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरू पहिचान गरी क्षमता विकास कार्यक्रम कार्यान्वयन तथा प्रयोग गर्नका लागि कार्यनीति निर्धारण गर्ने,


च) संस्थागत विकासका लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी तदनुरूप संस्थागत विकासका कार्यक्रम तय गर्ने ।

## १.४ क्षमता विकास योजनाको अवधारणा

संस्थागत क्षमता भन्नाले सामान्यतया कुनै निश्चित समयमा संस्थाको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि संस्था तथा संस्थाको प्रत्यक्ष पहुँचभित्र रहेको दक्षता, सीप, बुझाइ, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्थालाई बुझाउँदछ । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणालाई जनाउँदछ, जसले निम्न कार्य गर्न सक्ने क्षमता विकास गराउँदछ :

- सीप, क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने,
- बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउने,
- दीगोपनाका लागि मूल्य, धारणा र उत्प्रेरणाका मुद्दाहरूलाई सम्बोधन गर्ने ।

संस्थागत क्षमता विकासले संगठनको उद्देश्य हासिल गर्नका लागि संगठन संरचना, कार्य प्रक्रिया, स्रोत तथा व्यवस्थापनका मुद्दाहरूलाई सम्बोधन गर्दछ । संगठनको क्षमता एक वा त्यो भन्दा बढी तत्वहरू मिलेर बनेको वृहत प्रणाली भित्रको एउटा तत्व हो, जसलाई निम्न चित्रमा देखाइएको छ (चित्र १) ।




चित्र १: क्षमता विकास बिश्लेषण ढाँचा - संगठन एउटा खुल्ला प्रणालीको रूपमा

संस्थाहरू निश्चित परिवेशमा संचालन भएका हुन्छन् । तिनीहरूको क्षमता आफ्नो स्थापित परिवेश र आफूले अन्तर्क्रिया गर्ने औपचारिक तथा अनौपचारिक संयन्त्र भन्दा फरक ढङ्गले विकास भएको हुँदैन । संस्थाहरूको क्रियाकलापले प्रतिफल पैदा गर्दछ । बिना प्रतिफल पनि क्षमता हुन सक्छ । संस्थाहरूमा जब क्षमता प्रयोग हुन्छ (क्रियाकलाप) यसले केही न केही प्रतिफल दिन्छ । प्रतिफलले परिणाम र प्रभावको जन्म दिन्छ । उदाहरणको लागि यदि साबुनको

माग गरिन्छ र त्यसलाई उचित ढङ्गले प्रयोग गरिन्छ भने त्यसले पहिलेभन्दा राम्रो सरसफाई पैदा गर्दछ (परिणाम) र यसले स्वास्थ्यमा 'प्रभाव' पार्दछ । तर एउटा कुरा के महत्वपूर्ण छ भने 'क्षमता' देखि प्रभाव सम्मको कार्य-कारण शृङ्खला ज्यादै लामो हुन्छ । संस्थागत क्षमता विकास नीतिले क्षमता विकास कसरी गर्ने? भन्ने तरिका निर्धारण गर्दछ; जुन निम्नमध्ये कुनै एक वा संयुक्त रूपमा एकभन्दा बढी पनि हुन सक्दछ ।

- पुराना तथा अनुपयुक्त क्षमताहरूलाई हटाउने वा रूपान्तरण गर्ने,
- विद्यमान क्षमतालाई अधिकतम प्रयोग गर्ने,
- विद्यमान क्षमताको विकास तथा सुदृढीकरण गर्ने,
- नयाँ क्षमता स्थापना गर्ने ।

क्षमता विकास लामो समयसम्म निरन्तर चलिरहने एउटा प्रक्रिया हो, जसको माध्यमले व्यक्ति, संगठन र समाजले आइपर्ने समस्याहरू समाधान गर्न, सम्भावनाहरूको उपयोग गर्न तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्दछ । यसर्थ, क्षमता विकास शब्दले व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि भन्ने बुझाउँदछ ।यस हिसावले स्थानीय सरकारको क्षमता विकासलाई बृहत्तर रूपमा चार भागमा बाँडेर हेर्ने गरिन्छ ।

### क) भौतिक स्रोत साधन

संस्थाको भूमिकालाई कम लागतमा प्रभावकारी रूपले सम्पादन गर्न आवश्यक पर्ने कार्यस्थान तथा सामग्री, यन्त्र, उपकरण, औजार, सूचना तथा सञ्चार प्रविधिको व्यवस्था र सोको मर्मत सम्भारको आवश्यकतालाई बुझ्न सकिन्छ ।

### ख) ऐन, नियम, विधि र प्रणाली


संस्थाको कार्यलाई व्यवस्थित रूपले योजना, सञ्चालन तथा नियन्त्रण गर्न र सबैमा एकै किसिमको बुझाइ र व्यवहार हुन आवश्यक विधि तथा प्रणालीको स्थापना गर्न आवश्यक हुन्छ । यसका लागि आवश्यक नीति, ऐन, नियम, कार्यविधि, आचारसंहिता आदिको तर्जुमा गरी कार्यान्वयमा ल्याउन जरूरी हुन्छ । त्यसैगरी, सम्पादन गरिने कार्यलाई व्यवस्थित गर्न कार्य प्रणाली निर्धारण गर्न आवश्यक हुन्छ । कार्यप्रणाली अन्तर्गत कार्य सम्पादन प्रणाली, कार्य वातावरण, सञ्चार, समन्वय जस्ता पक्ष हुन सक्दछन् ।

### ग) मानव संशाधन व्यवस्था

संस्थाको क्षमता विकासका लागि उपयुक्त संख्यामा आवश्यकता अनुसार सहि क्षमता भएका मानव संशाधन समयमै प्राप्त गर्नुलाई मानव संशाधन व्यवस्था भनिन्छ । स्थानीय सरकारको मानव संशाधनमा निर्वाचित पदाधिकारी एवम् निर्दिष्ट भूमिका पूरा गर्न आवश्यक ज्ञान, सीप र धारणा भएका वा हासिल गर्न सक्ने क्षमता भएका कर्मचारीलाई जनाउँदछ । यस अन्तर्गत आवश्यक मानव संशाधन प्राप्तिका लागि गरिने कार्यहरू (संगठन तथा व्यवस्थापन सर्भेक्षण, दरबन्दी निर्धारण, नियुक्ति प्रक्रिया, सरूवा/बढुवा व्यवस्था, जिम्मेवारी निर्धारण, पारिश्रमिक आदि) लाई बुझ्न सकिन्छ ।


### घ) मानव संशाधन क्षमता विकास

यसले संस्थाको भूमिकालाई प्रभावकारी रूपमा सम्पादन गर्न विद्यमान मानव संशाधनको ज्ञान, सीप र धारणामा गुणात्मक वृद्धिलाई जनाउँदछ । यस अन्तर्गत स्थानीय सरकारका भूमिका पूरा गर्न जिम्मेवारीमा रहेका जनशक्तिहरू (निर्वाचत पदाधिकारीहरू, कर्मचारीहरू, स्थानीय सरकारसँग प्रत्यक्ष संलग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरू, स्वयम्सेवीहरू आदि) को क्षमता विकास पर्दछ । मानव संशाधन क्षमता विकास अन्तर्गत तालिम, अभिमुखीकरण, अनुशिक्षण, अध्ययन अवलोकन, अनुभव र सिकाइ आदान–प्रदान जस्ता प्रक्रियालाई क्षमता विकास भनेर बुझ्न सकिन्छ (चित्र २)




चित्र २: स्थानीय सरकारको क्षमता विकासका प्रकारहरूक

क्षमता विकासलाई मूलतः तीन तहहरूका वर्गीकरण गर्न सकिन्छ - व्यक्ति, संगठन र प्रणाली (सक्षम वनाउने वातावरण) जुन एक अर्कामा स्वतन्त्र तर अन्तर संवन्धित हुन्छन (चित्र ३) ।




चित्र ३: क्षमता विकासका विभिन्न तहहरू

## १.५ क्षमता विकास योजनाको तयारीका संवैधानिक, नीतिगत र कानुनी व्यवस्था

### नेपालको संविधान

नेपालको संविधान २०७२ को भाग ५ (राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट) अन्तर्गत धारा ५६ मा संङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघीय, प्रदेश र स्थानीय तहगरी तीन तहको हुने व्यवस्था मार्फत् स्थानीय तहको संवैधानिक आधार प्रष्ट गरिएको छ। संविधानको भाग १७, भाग १८ र भाग १९ मा क्रमशः स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका र स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार क्षेत्रका विषयहरू र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था छ। संविधानको परिधिभित्र रहेर स्थानीय तहलाई राजनितिक तथा प्रशासनिक अधिकार प्रयोग गर्नसक्ने स्वायत्तता प्रदान गरिएको छ। संवैधानिक प्रावधान अनुरूप स्थानीय तहहरू अधिकार सम्पन्न स्थानिय सरकारको रूपमा स्थापित भएकाले ती सरकारहरूको सबल भूमिकाको अपेक्षा आम रूपमा गरिएको छ। नागरिकको नजिक रहने र उनीहरूका दैनिक कामकाजका साथै विकास निर्माण र आर्थिक, सामाजिक/सांस्कृतिक तथा

राजनीतिक सरोकारमा प्रत्यक्ष संलग्न रहने हुनाले स्थानीय तहहरू नेपालको लोकतन्त्रका आधारभूत खम्बाहरू हुन् ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिका तथा गाउँपालिकाको आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, स्थानीय आर्थिक विकास, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने व्यवस्थासमेत यस ऐनले गरेको छ ।

**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीयतहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालीन खर्च संरचना तयार गर्ने, खर्चको आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ । यसका साथै सङ्घ र प्रदेशले स्थानीयतहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा समानीकरण अनुदान, सङ्घ, प्रदेश वा स्थानीयतहको कुनै योजना कार्यान्वयन गर्न सशर्त अनुदान, स्थानीयतहको पूर्वाधार विकास सम्बन्धी आयोजना कार्यान्वयन गर्न स्थानीय तहसँग लागत साझेदारीका लागि समपूरक अनुदान र कुनै उद्देश्य प्राप्त गर्न खास आयोजना तथा कार्यक्रम सञ्चालनको लागि विशेष अनुदान लगायत अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था यस ऐनले गरेको छ । ऐनले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था पनि गरेको छ । तर प्रदेश सरकार र स्थानीयतहले आन्तरिक ऋणलिनु अघि नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

स्थानीयतहले योजना तर्जुमा गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम प्राकृतिक स्रोतको परिचालनका आधार, राजस्व बाँडफाँडका आधार, अन्तरसरकारी वित्तीय हस्तान्तरणका आधार लगायतका प्रावधान अनुरूप आयोगले समय-समयमा गरेका सिफारिसलाई ध्यानमा राखी स्रोत साधनको अनुमान र प्रक्षेपण गर्नुपर्दछ । अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, समपूरक अनुदान र विशेष अनुदान र स्थानीय तहको कर तथा गैरकरबाट प्राप्त हुने आय स्थानीय तहको योजना तर्जुमाको प्रमुख वित्तीय स्रोतको रूपमा रहेको छ ।

## संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७

संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को परिच्छेद ३ को दफा १३ मा राष्ट्रियस्तर वा महत्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता र ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्ने व्यबस्था रहेको छ । प्रदेश भित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्ने तथा स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने व्यवस्था छ । साथै स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यबस्था र कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने तथा स्थानीय तहको अधिकार सूची र कार्य जिम्मेवारीमा पर्ने विषयमा नीति, कानून तथा योजना तर्जुमा र कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने व्यवस्था रहेको छ ।

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको दफा १७ मा राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय र प्रदेश कार्यकारी समिति र स्वीकृत क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरूप स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहले प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यबस्था रहेको छ । समितिले भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता लगायत स्वीकृत निर्देशिका र मापदण्ड पालना गराउने, बजेट विनियोजन गर्न लगाउने, सरकारी, गैरसरकारी, निजी, सामुदायिक संस्थाको समन्वय र संलग्नतामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने, विपद्सँग सम्बन्धित तथ्याङ्क विवरण तयार गर्ने र स्थानीयस्तरमा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने लगायतका कार्यहरू गर्नुपर्ने व्यबस्था ऐनले गरेको छ ।

## स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७

स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ ले १० विषयगत क्षेत्र अन्तर्गत १०० वटा समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था दर्शाउने सूचकहरू निर्धारण गरेको छ । आवधिक योजन तर्जुमा गर्दा यी सूचकहरू कार्यान्वयन हुने सुनिश्चिता गर्नुपर्दछ ।


## गाउँ/नगरपालिको क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६

स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम सङ्घीय

मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यो “क्षमता विकास योजना तर्जुमा दिग्दर्शन” तयार गरिएको हो ।

## १.६ क्षमता विकास योजना तर्जुमा प्रकृया

क्षमता विकास योजना तर्जुमासम्बन्धी निम्न अनुसारका चरणहरू रहेका छन् (चित्र ४):-




चित्र ४: क्षमता विकास योजना निर्माण प्रक्रियाहरूका चरणहरू

### १.६.१ संस्थागत क्षमता विकास योजना

संस्थागत क्षमता विकास योजना तर्जुमाका साथै कार्यसम्पादनका चरणहरू र सोका लागि आवश्यक देहाय अनुसारका विधिहरू प्रयोग गरिएको थियो:

#### १.६.१.१ तयारी तथा समन्वय

क्षमता विकास योजना तयारीमा यो प्रमुख चरण हो । यस चरणमा क्षमता विकाससंग सम्बन्धित विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरमा प्रकाशित कृतिहरूको समीक्षा गरिएको थियो । त्यस्तै क्षमता विकास योजनासँग सम्बन्धित दस्तावेज, नेपालको संविधान, स्थानीय सरकार सञ्चाल ऐन,संघ तथा प्रदेश सरकारको निति तथा वजेट, नगरपालिकाको वार्षिक प्रगति समिक्षा

प्रतिवेदन, नगरपालिकाको संगठनात्मक संरचनाको अध्ययन, नगरपालिकाको विगत ३ वर्षको नीति, कार्यक्रम तथा बजेट, नगरपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधिहरूको समीक्षा गरिएको थियो । यसबाट क्षमता विकास सम्बन्धी विद्यमान कानूनी तथा नीतिगत व्यवस्था र तिनीहरूको कार्यान्वयनबीचमा रहेको अन्तर पत्ता लगाउन मद्दत पुगेको थियो ।

प्रदेश सुशासन केन्द्रसँगको कार्य सम्झौता पश्चात तयारी चरणको सुरुवातमा सम्बन्धित पालिकासँग फोन/ईमेल मार्फत सम्पर्क कायम गर्ने र क्षमता विकास तर्जुमाका लागि फिल्डमा काम गर्न जाने समय तालिका बारेमा समेत स्थानीय तहहरूलाई जानकारी दिने काम गरिएको थियो । यस चरणमा स्थानीय सरकारका कर्मचारी, निर्वाचित प्रतिनिधीहरू र अन्य सरोकारवालाहरूसँग भेटघाट र छलफल लगायतका क्रियाकलापहरूबाट क्षमता विकास निर्माण सम्बन्धी सम्पूर्ण जानकारी दिइएको थियो ।

क्षमता विकास योजना दिग्दर्शन २०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरूका लागि स्थानीय तहको क्षमता विकास योजना प्रक्रियाको नेतृत्व तथा क्षमता विकास योजनाको कार्यान्वयनमा सहजीकरण गर्नका लागि नगरपालिकाका प्रमुखज्यूले स्थानीय सरकारको क्षमता विकाससँग सम्बन्धित सम्पूर्ण पक्षहरूको समावेशी सहभागिता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा पाँच सदस्यीय क्षमता विकास समन्वय समिति गठन गर्नको लागि सुझाब दिइएको थियो । उक्त समितिको सदस्य–सचिव मानव संशाधन विकास वा कर्मचारी प्रशासन हेर्ने शाखा प्रमुखलाई तोक्नु उपयुक्त हुनेकुरा सुझाब दिइएको थियो ।

### १.६.१.२ क्षमता विकास योजना तर्जूमा प्रक्रियाबारे अभिमुखीकरण

कार्य प्रारम्भ गर्नुभन्दा पहिले क्षमता विकास योजना तर्जुमाको लागि भूगोल ईन्जिनियरिङ्ग कन्सल्ट्यान्ट प्रा.लि. बाट खटिने परामर्शदाताको टोलीले नगरपालिकाका पदाधिकारी, स्थानीय तहको राजस्व परिचालन सम्बन्धि काम गर्ने कर्मचारीहरू र राजस्व परामर्श समितिका पदाधिकारीहरूसंग मिति २०७९ साल असार २ मा नगरपालिकामा क्षमता विकास योजनाको आवश्यकता, महत्व तथा कार्यान्वयन प्रक्रियाका बारेमा छलफल तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा स्थानीय तहका प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा सदस्यहरू, प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरू र वडा सचिवका प्रतिनिधिहरूको सहभागितामा रहेको थियो । अभिमुखीकरण कार्यक्रममा पालिकाको परिवर्तित भूमिका पूरा गर्न आवश्यक हुने क्षमता विकासका क्षेत्रहरू तथा मागमा आधारित क्षमता विकास आवश्यकता पहिचान गर्न संघीय तथा सामान्य प्रशाशन मन्त्रालयद्वारा तयार पारिएको "क्षमता विकास योजना दिग्दर्शन, २०७६" ले निर्दिष्ट गरेको अनुसूचीहरू प्रयोग गरिएको थियो र त्यस माथि विस्तृत रूपमा छलफल गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा छलफल गरिएका विषयवस्तुको खाका **अनुसूची – १** मा दिइएको छ ।

### १.६.१.३ मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा

क्षमता विकास योजनाको अभिमुखीकरण सम्पन्न भएपश्चात् **अनुसूची – २** मा दिइएको ढाँचा अनुसारका पाँच वटा विषयगत क्षेत्रमा सम्बन्धित महाशाखा/शाखा/एकाईका प्रमुखहरू र अन्य सरोकारपक्षहरूलाई सहभागी गराई स्व–मूल्यांकन विधिबाट संस्थागत क्षमता लेखाजोखाका लागि विवरण संकलन गरिएको थियो । संकलित विवरणहरूको विश्लेषणबाट नगरपालिकाका लागि आवश्यक महसुस गरिएका मागमा आधारित संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरिएको थियो ।

### १.६.१.४ नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा

नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र गठित समिति, उपसमितिका संयोजकहरूसँग **अनुसूची – ३** मा दिएको ढाँचा अनुसार नेतृत्व क्षमता लेखाजोखाका लागि स्व–मूल्यांकन विधिबाट विवरण संकलन गरिएको थियो । संकलित विवरणहरूको विश्लेषणबाट नेतृत्व तहले आवश्यकता महसुस गरेको संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरिएको थियो ।

### १.६.१.५ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा

नगरपालिकाका कर्मचारी तथा पदाधिकारीहरूले स्पष्ट रूपमा पहिचान गर्न नसकेका तर कार्यसम्पादनका लागि महत्वपूर्ण कार्य तथा क्रियाकलापहरूको पहिचान आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखाको माध्यमबाट गरिएको थियो । नगरपालिकाले हालसम्म सम्पादन गर्न नसकेका कार्यहरू तथा नयाँ जिम्मेवारी पूरा गर्न आवश्यक क्षमताको पहिचान तथा विकास योजना तर्जुमा कार्य यस अन्तर्गत पर्दछ । यसका अतिरिक्त नवीनतम प्रविधि एवम् राष्ट्रिय तथा प्रादेशिक महत्वका नीति, रणनीति हुन सक्दछन् । आपूर्तिमा आधारित क्षमता विकाससम्बन्धी क्रियाकलापहरूको पहिचानका लागि राष्ट्रिय महत्वका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरूको अध्ययनका अतिरिक्त स्थलगत सूचना समेत संकलन गरिएको थियो । स्थलगत सूचना संकलनका लागि देहायका विधिहरू प्रयोगमा ल्याइएको थियो:

- कार्य सम्पादन अवस्थाको अवलोकन,
- सम्पादन गरेका कार्यहरूको समीक्षा,
- सेवाग्राही नागरिकहरूको अभिमत, सेवा सन्तुष्टीको मापन (धेरै राम्रो काम गर्न सकेको भए अझै राम्रो के कस्तो सेवा पाउन सकिन्थ्यो होला भन्ने जस्ता नमुना अभिमत सेवाग्राहीबाट संकलन गरेर)
- सानो समूह अन्तर्वार्ता, व्यक्तिगत अन्तर्वार्ता,
- स्थानीय सरकारको संस्थागत स्व–मूल्यांकन को नतिजा,
- दस्तावेजहरूको अध्ययन: मुख्य दस्तावेजहरूको सूची अनुसूची – ४ मा दिइएको छ ।

क्षमता विकास योजना तर्जुमामा सहजीकरण गर्ने व्यक्तिले आपूर्तिमा आधारित क्षमता विकास क्रियाकलापहरूको पहिचानका लागि प्रयोगमा ल्याइएका फारामहरू **अनुसूची – ५** मा दिइएको छ ।

### १.६.१.६ सूचना सङ्केकलन तथा विश्लेषण:

नगरपालिकाको क्षमता विकास अध्ययन कार्यको समन्वय गर्ने सम्पर्क व्यक्ति वा सहजकर्ताले स्व–मूल्यांकन विधिबाट संकलन भएका सूचनाहरू र आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा अध्ययन तथा विश्लेषण गरी संस्थाको अन्तरनिहित पक्षहरू (सवल पक्ष, दुर्वलपक्ष, अवसर र चुनौती)को विश्लेषण गरेर पनि क्षमता विकासका लागि गर्नुपर्ने कार्यहरूको सूची तयार पारिएको थियो । यस्तो विश्लेषण गर्दा क्षमता विकासका निम्न पक्षहरूलाई समावेश गरिएको थियो :

- भौतिक स्रोत साधन,
- ऐन, नियम, विधि र प्रणाली,
- जनशक्ति व्यवस्था र
- ज्ञान, सीप, दक्षता ।

उक्त विश्लेषण सम्पन्न भएपछि उपलब्ध अवसर र सवल पक्षलाई बढाउँदै जाने र कमजोरी तथा बाधालाई घटाउँदै जाने हिसाबले क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

### १.६.१.७ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान

माथि उल्लेखित चरणहरूबाट पहिचान गरिएका क्षमता विकासका कार्यहरूमा योगदान दिनसक्ने स्रोत व्यक्ति तथा सरोकारवाला पक्षहरूको पहिचान गरी निजहरूसँग हुन सक्ने सहकार्यका क्षेत्रहरू तथा प्राप्त हुन सक्ने सेवा तथा सहयोगको आँकलन गरिएको थियो । स्रोत व्यक्ति तथा सरोकारपक्षहरूको पहिचानका लागि प्रयोगमा ल्याउने फारामको ढाँचा **अनुसूची – ६** मा दिइएको छ ।

### १.६.१.८ क्षमता विकास योजनाको मस्यौदा

क्षमता विकास योजनाले हासिल गर्न चाहेका उद्देश्यहरू निर्धारण गर्नुका साथै उक्त उद्देश्यहरू पूरा गर्नका लागि आवश्यक क्रियाकलापहरू यस चरणमा पहिचान गरिएको थियो । क्षमता विकास योजनाको उद्देश्यहरूमा निम्न विषयवस्तु समावेश रहेका छन् :

- समग्र आर्थिक, सामाजिक, भौतिक तथा संस्थागत विकासकालागि सहभागितात्मक विधिवाट सही योजना तथा कार्यक्रमहरूको पहिचान हुने,

- कम लागत तथा समयमा योजना तथा कार्यक्रम सम्पन्न हुने,
- परिणाम तथा प्रभावमा दिगोपना आउने ।
- कार्यसम्पन्न अवधिमा कमी आउनुका साथै गुणस्तरमा सुधार आउने,
- आय परिचालन क्षमतामा सुधार आउने,
- नागरिकहरूको गुनासोमा कमी आउने,
- सेवामा लक्षित वर्गको सहभागिता वृद्धि हुने, आदि

क्षमता विकास योजनाका उद्देश्यहरू निर्धारण भइसकेपछि स्वमूल्यांकन, छलफल, अन्तरक्रिया तथा दस्तावेजहरूको अध्ययन तथा विश्लेषणबाट पहिचान गरिएका सुधारका क्रियाकलापहरूलाई प्राथमिकीकरण गरिको थियो । यसरी गरिएको प्राथमिकीकरणको आधारमा आगामी ३ वर्षमा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूको निर्धारण र सोका लागि लाग्ने बजेटको अनुमान गरिको थियो । संस्थागत क्षमता विकास योजनाको तर्जुमा फारामको ढाँचा **अनुसूची – ७**मा दिइएको छ ।

#### १.६.१.९ क्षमता विकास योजना कार्यान्वयनको बजेट

उल्लिखित चरणहरूबाट तयार गरिएको क्षमता विकास योजना कार्यान्वयनका लागि नगरपालिकाले आफैले निर्णय गर्न सक्ने स्रोत (चालु आय) वा बाह्य स्रोतबाट वा सहलगानीमा बजेटको व्यवस्था गर्न सक्दछ । चालु आय भित्र स्थानीय तहले नियमित रूपमा प्राप्त गर्ने स्वतन्त्र रकम (आन्तरिक आय, राजस्व बाँडफाँट, समानिकरण अनुदान) पर्दछ । बाह्य स्रोत अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार, प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम विकास साझेदार आदिबाट प्राप्त हुने योगदान हुन सक्दछ । यसरी प्राप्त हुन सक्ने योगदानको लेखाजोखा गरी सो अनुसार लागत व्यहोर्ने स्रोतको अनुमान तयार गरिएको थियो ।

### १.६.२ मानव संशाधन विकास योजना

नगरपालिकाले संस्थागत क्षमता विकास योजनामा पहिचान भएका विद्यमान मानव संशाधनको ज्ञान, सीप र धारणा विकासका लागि समावेश गर्नुपर्ने विषयवस्तु, विधि तथा सहभागीहरूको पहिचान गर्न मानव संशाधन विकास योजना तर्जुमा गरिएको थियो । मानव संशाधन विकास योजना तर्जुमाका साथै कार्यसम्पादनका चरणहरू र सोका लागि आवश्यक औजारहरू देहाय अनुसार प्रयोग गरिएको थियो ।

#### १.६.२.१ मानव संशाधनको क्षमता लेखाजोखा

सर्वप्रथम कार्यरत कर्मचारीको कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा तथा निजमा रहेको विद्यमान ज्ञान, सीप र धारणाबीचको अन्तर पहिचान गरिएको थियो । यस्तो कर्मचारीको हुनुपर्ने र हाल भएको ज्ञान, सीप र धारणाको अन्तर पहिचान गर्ने

कार्य व्यक्तिगत वा समूहगत रूपमा छलफलबाट गरिएको थियो । गाउँ/नगरपालिकाको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फारामको ढाँचा अनुसूची – ८ र अनुसूची – ९ मा दिइएको छ ।

#### १.६.२.२ मानव संशाधन विकासको आवश्यकता पहिचान

मानव संशाधनको क्षमता लेखाजोखाबाट प्राप्त भएका सूचनाका साथै क्षमता विकास योजना तर्जुमाका क्रममा प्राप्त भएका सूचनाहरूको अध्ययन तथा विश्लेषण गरी मानव संशाधन विकासका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको थियो । मानव संशाधन विकासको आवश्यकता पहिचानका क्रममा निर्वाचित प्रतिनिधिहरू, समिति/उपसमितिहरू तथा कर्मचारीहरूको क्षमता विकासका लागि गर्नुपर्ने कार्यहरूको बेग्ला बेग्लै रूपमा पहिचान गरिएको थियो । मानव संशाधन विकासका लागि अभिमुखीकरण, आन्तरिक तालिम, बाह्य तालिम, कार्यस्थानमा प्रयोगात्मक तालिम, अवलोकन भ्रमण, कार्य परिवर्तन आदि सुझावहरू प्राप्त भएका थिए ।

#### १.६.२.३ मानव संशाधन विकास योजना तयारी

प्रस्तावित क्षमता विकास योजना अन्तर्गतका कार्यक्रम तथा गतिविधिहरू सञ्चालनका लागि प्राथमिकीकरणको आधारमा आवश्यक बजेटसहित जिम्मेवारी तथा समयावधि सहितको तीन वर्षीय क्षमता विकास कार्ययोजना तयार पारिएको छ । योजना तर्जुमा फारामको ढाँचा अनुसूची – १० मा दिइएको छ ।

#### १.६.२.४ क्षमता विकाससाग सम्बन्धित स्रोत व्यक्ति र सहयोगी संस्थाको सुची

नगरपालिकाले क्षमता विकासका कार्यक्रमहरूलाई वर्गीकरण गरी त्यस्ता कार्यक्रम सञ्चालनमा सहयोग गर्न सक्ने स्रोत व्यक्ति तथा सहयोगी संस्थाहरूको सूची तयार गरिएको थियो ।

### १.६.३ क्षमता विकास योजना कार्यान्वयन रणनीति तर्जुमा

नगरपालिकाले संस्थागत तथा मानव संशाधन क्षमता विकासका लागि स्थानीय स्तरमा आवश्यकता महसुस गरिएका कार्यहरूलाई मागमा आधारित र स्थानीय स्तरमा जानकारी नभएको वा महसुस नगरिएको तर विकासका लागि आवश्यक तथा नवीनतम प्रविधि वा अवधारणालाई सम्बोधन गर्न आपूर्तिमा आधारित क्षमता विकास रणनीति तयार पारिएको छ । क्षमता विकास रणनीति तर्जुमा गर्दा निम्न पक्षहरूलाइ विशेष ख्याल गरिएको छ ।

#### १.६.३.१ मागमा आधारित क्षमता विकास रणनीति

- प्रत्येक वर्ष वार्षिक बजेटको निश्चित अंश क्षमता विकासका लागि विनियोजन,

- नगरपालिकाको संस्थागत अवस्था तथा मानव संशाधन विकास आवश्यकतालाई ध्यानमा राखी क्षमता विकास कार्यक्रमका प्राथमिकता निर्धारण तथा सञ्चालन,
- संघीय मन्त्रालय, प्रदेश सरकार तथा विकास साझेदारहरूसँग साझेदारी र सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन,
- क्षमता विकास क्रियाकलापको गुणस्तरको सुनिश्चितता,
- संस्थागत दिगोपनका लागि अनुगमन र सुपरिवेक्षण गर्ने प्रणालिको विकास,
- क्षमता विकास योजनालाइ नतिजामुखी सेवा प्रवाह तथा कार्यसम्पादनसँग आवद्धता ।

### १.६.३.२ आपूर्तिमा आधारित क्षमता विकास रणनीति

- उपभोक्ता समिति, सामुदायिक संस्था, नागरिक समाज, तथा निजी सेवा प्रदायकहरूको क्षमता विकास आवश्यकता पहिचान गरी क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन,
- क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्दा महिला, दलित, मधेशी, आदिवासी, जनजाति, सीमान्तकृत लगायत पछाडि परेका वर्ग र समुदायलाई समेत लक्षित गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणलाई प्रवर्द्धन गर्ने खालका क्रियाकलापहरूलाई प्राथमिकता,
- क्षमता विकास योजना निर्माण र कार्यान्वयन गर्दा प्रदेश सुशासन केन्द्र, पिएलजिएसपि, प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरी दोहोरोपन हुन नदिने,
- नवीनतम अवधारणा तथा सूचना प्रविधिहरूको उपयोगलाई प्रोत्साहन,
- विकास प्रशासन तथा सेवा प्रवाहमा आएका नवीनतम अवधारणा, सोच, प्रविधि, नयाँ नीति नियम जस्ता पक्षमा क्षमता विकास गर्न सङ्घीय मन्त्रालय, सङ्घीय मन्त्रालयद्वारा संचालित कार्यक्रम, आयोग, विभाग तथा अन्य विशिष्ट प्रकृतिका क्षमता विकासका क्षेत्रमा क्रियाशील निकायबाट सञ्चालन गरिने कार्यक्रमहरूमा सहभागिता ।

### १.६.४ क्षमता विकास योजना स्वीकृति

उल्लिखित विधि तथा चरणहरू पार गरी तर्जुमा गरिएको संस्थागत क्षमता विकास योजना तथा मानव संशाधन क्षमता विकास योजनाको मस्यौदा प्रतिवेदन माथि सम्बन्धित स्थानीय तह तथा प्रदेश सुशासन केन्द्रले उपलब्ध गराएको पृष्ठपोषणलाई सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।


# परिच्छेद दुई: दशरथचन्द नगरपालिकाको परिचय

दशरथचन्द नगरपालिकाको वर्तमान क्षमता विश्लेषण र विकासका आवश्यकता पहिचानका निम्ति वर्तमान नगरपालिकाको वस्तुस्थिति, भौतिक स्रोत साधन र मानव संसाधनको अवस्थाको महत्वलाई आत्मसात गरेर यस परिच्छेदमा दशरथचन्द नगरपालिकाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

## २.१ नगरपालिकाको परिचय

**भौगोलिक अवस्थिति**

दशरथचन्द नगरपालिका भारतसंग सीमा जोडिएको स्थानीय तह हो । झुलाघाट नाका यसै नगरपालिका अन्तर्गत पर्दछ । यो नगरपालिकाको पूर्वमा पाटन नगरपालिका र सुर्नया गाउँपालिका, पश्चिममा महाकाली नदि र मित्र राष्ट्र भारत, उत्तरमा दार्चुला जिल्ला र दोगाडाकेदार गाउँपालिका, दक्षिणमा मेलौली नगरपालिका र पंचेश्वर गाउँपालिका रहेको छ । १३५.१५ बर्ग किमी मा फैलिएको यस नगरपालिका समुद्र सतह देखि न्यूनतम ५०० मिटर र अधिकतम ३१०० मिटर उचाइमा रहेको छ । दशरथचन्द नगरपालिकाको हावापानी समसितोष्ण रहेको छ । यस नगरपालिकको अवस्थिति नक्शा तलको चित्र ५ मा प्रस्तुत गरिएको छ ।




चित्र ५: नगरपालिकाको अवस्थिति नक्शा

### जनसंख्या

२०६८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकामा ७,२५७ घरपरिवारमा ३५,२११ जनसंख्या रहेको तथ्याङ्कले देखाएको छ । यस नगरपालिकाको कूल जनसंख्याको ४६.३७% ( १६,३२७ जना) पुरूष र ५३.६३% (१८,८८४ जना) महिला रहेका छन् । दशरथचन्द नगरपालिकाको वडागत जनसाङ्ख्यिक विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका १: दशरथचन्द नगरपालिकाको जनसाङ्ख्यिक विवरण**

| वडा नं. | जनसङ्ख्या | | | |
|---|---|---|---|---|
| | घरधुरी संख्या | पुरुष | महिला | जम्मा |
| १ | ८३४ | २,०६४ | २,३९८ | ४,४६२ |
| २ | ८६१ | २,०४० | २,३२२ | ४,३६२ |
| ३ | ४७० | १,०१३ | १,३३७ | २,३५० |
| ४ | १,२९९ | ३,३२८ | २,९२६ | ६,२५४ |
| ५ | ५६३ | १,२२५ | १,३५४ | २,५७९ |
| ६ | ७८७ | १,६६६ | २,०६४ | ३,७३० |
| ७ | ३३४ | ७६३ | ९७६ | १,७३९ |
| ८ | ४७६ | ८६६ | १,१५० | २,०१६ |
| ९ | ७६४ | १,६८४ | २,१३८ | ३,८२२ |
| १० | ४५७ | ८२१ | १,११५ | १,९३६ |
| ११ | ४१२ | ८५७ | १,१०४ | १,९६१ |
| **जम्मा** | **७,२५७** | **१६,३२७** | **१८,८८४** | **३५,२११** |

स्रोत : राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग

### पर्यटकीय, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक महत्वका प्रशिद्ध स्थलहरू


पर्यटन व्यवसायलाई आर्थिक विकासको मूल आधार मान्न सकिन्छ । यस नगरपालिका क्षेत्रभित्र जगन्नाथ मन्दिर गढी, त्रिपुरासुन्दरी भगवती मन्दिर, निंग्लाशैनी भगवती मन्दिर, ग्वाल्लेक केदार मन्दिर ग्वाल्लेक, असिम केदार, नागार्जुन बाबा मन्दिर, इश्वरी गंगाधाम रपंचदेवल मन्दिर जस्ता पर्यटकीय महत्व बोकेका क्षेत्रहरू रहेका छन । राजनीतिक इतिहासमा १०४ वर्षे कठोर राणा शासन विरुद्ध संघर्ष गर्ने जेष्ठ चार शहिद मध्ये शहिद अमर शहिद दशरथचन्दको जन्म यसै नगरमा भएको थियो ।

## २.२ नगरपालिकाको संगठन तथा मानव संसाधन अवस्था

### संगठनात्मक स्वरुप

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २५ हजार देखि ५० हजारसम्म जनसंख्या भएको नगरपालिकाको संगठानात्मक संरचना संग नगरपालिकामा उपलब्ध मानव जनशक्तिको विश्लेषण गर्दा मानव जनशक्ति अपुग रहेको देखिन्छ ।

(घ) २५ हजार देखि ५० हजारसम्म जनसंख्या भएकानगरपालिकाको संगठन संरचना (१५१वटा) (अनुसूची ४.१)




दशरथचन्द नगरपालिकाको मानव संशाधनको वर्तमान अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका २: नगरपालिकाको मानव संसाधन अवस्था

| क्र.सं. | पद | शाखा | संख्या |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन शाखा | १ |
| २. | शिक्षा अधिकृत | शिक्षा शाखा | १ |
| ३. | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | १ |
| ४. | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | १ |
| ५. | सव इन्जिनियर | प्राविधिक वडा | ४ |
| ६. | ना.सु. | राजश्व शाखा | १ |
| ७ | सव ओभरसियर | प्राविधिक शाखा | ७ |
| ८ | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | १ |
| ९ | शाखा अधिकृत | सामाजिक विकास तथा वातावरण शाखा | १ |
| १० | लेखापाल | आर्थिक प्रशासन शाखा | १ |
| ११ | शाखा अधिकृत | प्रशासन शाखा प्रमुख | १ |
| १२ | इन्जिनियर | योजना तथा प्राविधिक शाखा | १ |
| १३ | अमिन | नक्सामास इकाई | १ |

| क्र.सं. | पद | शाखा | संख्या |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन शाखा | १ |
| २. | शिक्षा अधिकृत | शिक्षा शाखा | १ |
| १४ | सि.अ.हे.ब. | स्वास्थ्य शाखा | १ |
| १५ | खरिदार | अन्य | २ |
| १६ | कम्प्युटर अपरेटर | | १ |
| १७ | ड्राइभर | | १ |
| १८ | कुचिकार | | ३ |
| १९ | कार्यालय सहयोगी | | ६ |
| **जम्मा** | | | **३६** |

स्रोतः https:// dasharathchandmun.gov.np/ne/staff

# परिच्छेद तीन: क्षमता विकास योजना

## ३.१ पृष्ठभूमी

नेपालको संविधान २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ ।

## ३.२ क्षमता विकास योजना

### ३.२.१ संस्थागत क्षमता विकास योजना

स्थानीय सरकारको संस्थागत क्षमता विकास भित्र उसको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि तथा उसको प्रत्यक्ष पहुँचभित्र रहेको दक्षता, सीप, बुझाइ, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्था हो । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणा सीप, क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने, बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउने र दीगोपनाका लागि मूल्य, धारणा र उत्प्रेरणाका मुद्दाहरूलाई सम्बोधन गर्नु पर्ने हुँदा यसलाई व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने उपायको रुपमा उपयोग गर्नु पर्ने हुन्छ ।

**तालिका ३: स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन**

| जम्मा प्राप्ताङ्क | शासकीय प्रवन्ध (९) | संगठन तथा प्रशासन (८) | वार्षिक बजेट तथा योजना व्यवस्थापन (११) | वित्तीय एवम् आर्थिक व्यवस्थापन (११) | सेवा प्रवाह (१६) | न्यायिक कार्य सम्पादन (७) | भौतिक पूर्वाधार (१३) | सामाजिक समावेशी करण (१०) | वातावरण संरक्षण तथा विपद व्यवस्थापन (९) | सहकार्य र समन्वय (६) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६३ | ८ | ५.७५ | ७.५ | ७.५ | १० | ५.५ | ३ | ६.५ | ५.५ | ३.७५ |

स्रोत: https://lisa.mofaga.gov.np › report,2078

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशका ७५३ वटै स्थानीय तहहरूको संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वित्तिय तथा आर्थिक व्यवस्थापन, सेवा प्रवाह, भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य तथा समन्वय जस्ता १० वटा क्षेत्रहरू अन्तर्गत १०० वटा सूचकका आधारमा यथार्थ अवस्था र स्थानीय तहहरूको तुलनात्मक अध्ययनका लागि स्वमूल्याङ्कन प्रणालीको व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७७/०७८को दशरथचन्द नगरपालिकाको लिसा रिपोर्टका अनुसार शासकीय प्रवन्धको क्षेत्रमा विद्यमान अवस्था राम्रो देखिन्छ भने वार्षिक बजेट तथा योजना व्यवस्थापन, भौतिक पुर्वाधार, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य तथा समन्वय, सामाजिक समावेशीकरण, जस्ता क्षेत्रहरूमा क्षमता विकास गरि विद्यमान अवस्थामा सुधार गर्नु पर्ने देखिन्छ ।

### ३.२.१.१ मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा

यस क्षमता विकास योजना निर्माण गर्दा "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" को अनुसूचि २ को फाराम को आधारमा दशरथचन्द नगरपालिकाको ५ वटै विषयगत क्षेत्रको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा गरिएको थियो । यसरी लेखाजोखा गर्दा यस नगरपालिकाले आफ्न नवनिर्मित भवनवाट सेवा प्रवाह गरिरहेको छ । नगरपालिकाको आफ्नै सभाहल रहेको छ भने वडा कार्यलयहरुले आफ्नै भवन वाट सेवा दिइरहेका छन । नगरपालिकाले स्वास्थ्य चौकीहरू, सामुदायीक स्वास्थ्य इकाइ र नागरिक आरोग्य केन्द्रमार्फत् स्वास्थ्य सेवा प्रदान गरिरहेको छ ।

नगरपालिकाले रोजगार सृजना गर्ने योजना निर्माण गरि कार्यान्वयन गर्न आवस्यक छ । लक्षित वर्गको सशक्तिकरणका लागी कार्यक्रम सञ्चालन आएतापनि अझै पर्याप्त हुन सकेको छैन । यसका लागी अझै पर्याप्त कानुन वनाउन आवस्यक छ । नगरपालिकाले वातावरण, विपद व्यवस्थापन र जलवायु परिवर्तनका लागी कार्य गरिरहेको भएतापनि योजना निर्माण गरी योजनावद्ध ढंगले पुर्व तयारी का कार्य भने कमै भएको पाइन्छ । नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रिया चरणवद्ध रुपमा भएपनि योजना प्राथमिकिकरण भने वैज्ञानीक विधिको प्रयोग गरी गर्ने गरेको कमै मात्र पाउन सकिन्छ । नगरपालिकाले दिगो विकासका लक्ष्यहरुलाइ स्थानियकरण गरि दिगो विकासको लक्ष्य हासील हुनेगरी योजना तर्जुमाको परिपाटी विकास गर्न जरुरी छ दशरथचन्द नगरपालिकाले उपभोक्ता समिति हरुको क्षमता विकास गर्न पनि आवस्यक देखिन्छ । त्यसैगरी दिगो वातावरणीय विकासमा ध्यान दिइ फोहरमैलाको उचित व्यवस्थापन र डम्पिङसाइट को निर्माण गर्न जरुरी छ । नगरपालिकाले राजस्वको क्षेत्र र दायरा विस्तार गरि आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त अनुगमन प्रणाली लाइ नतिजामुखि र संघ, प्रदेश र अन्तरपालिका संगको सहकार्य र समन्वय विस्तार गर्न पनि आवस्यक छ ।

नगरपालिकाले संगठन संरचना अनुसार को कर्मचारीको व्यवस्था तथा शाखाहरुमा आवस्यक कर्मचारीहरुको प्रवन्ध गर्न जरुरी छ । त्यसैगरी कर्मचारकिो आचारसहिता र कार्यसम्पादन संझौता अनुसार सेवा प्रवाहको परिपाटी विकास गर्न पनि आवस्यक छ। नगरपालिकाले वित्तिय व्यवस्थापन का लागी आम्दानी र खर्च प्रणाली लाइ व्यवस्थित गरि वित्तिय सन्तुलन कायम र खरिद प्रणालिलाइ योजना निर्माण गरि व्यवस्थित गर्न आवस्यक देखिन्छ । त्यसैगरि अभिलेख व्यवस्थापन प्रणालीलाइ थप प्रभावकारी वनाउनु पर्ने देखिन्छ । यस कुरालाइ अनुसुचीको तालिका १ मा देखाइएको छ ।

### ३.२.१.२ नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा

"क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" को अनुसूचि ३ को फारामको आधारमा लेखाजोखा गर्दा यस नगरपालिकामा सभा सञ्चालन र कार्यपालिका वैठक सञ्चालन कार्यविधि अनुरुप भएतापनि सभा संचालनका लागि आवश्यक, विधि , र प्रक्रियालाइ अझै सुदृढ गर्नुपर्ने देखिन्छ। नगरपालिकाले न्यायीक समितिका पदाधिकारी र कर्मचारीलाई क्षमता अभिवृद्धि, कानुनी जनशक्ति थप तथा व्यवस्थापन गर्नु आवस्यक रहेको छ । विषयगत समिति तथा पदाधिकारीहरुको क्षमता विकास, समितिको क्षेत्राधिकार वारे क्षमता विकास वडा कार्यालयमा आवश्यक स्रोत र साधनको व्यवस्था गरि सेवा प्रवाहलाइ भरपर्दो र थप गुणस्तरिय वनाउनु पर्दछ । नगरपालिकामा गुनासो सुन्ने संयन्त्र निर्माण तथा व्यवस्थित गर्ने र गुनासो सुन्ने अधिकारी तोक्ने कार्यलाइ अझै प्रभावकारी वनाउन जरुरी छ।

## तालिका ४:स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा

| क्षमता विकास क्षेत्र | भूमिका हुने प्रमुख/उपप्रमुख समिति/उपसमिति | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरु |
|---|---|---|---|
| स्थानीय सभा व्यवस्थापन | • प्रमुख | • स्थानीय सभा व्यवस्थापन भइरहेको | • सभा व्यवस्थापन एवं प्रभावकारी बनाउन क्षमता अभिवृद्धि गर्नुपर्ने |
| कार्यपालिका बैठक व्यवस्थापन र निर्णय प्रक्रिया | • प्रमुख | • कार्यपालिका बैठक व्यवस्थापन र निर्णय प्रक्रिया प्रभावकारी छ | • निर्णय प्रक्रिया व्यवस्थापन गर्न क्षमता विकास गर्नुपर्ने |
| दूरदृष्टि र रणनीतिक (आवधिक वा गुरु वा एकीकृत) पालिका/नगर विकास योजना | • प्रमुख | • आवधिक योजना तयार भएको तर गुरुयोजना तयार भएको छैन | • सो सम्बन्धी ज्ञान अभिवृद्धि गरी योजना निर्माण तथा कार्यान्वयन गर्ने |
| आवश्यक ऐन कानून तर्जुमा र कार्यान्वयन | • विधायन समिति | • ऐन कानून तयार हुने गरेको तर केही ऐन कानून राजपत्रमा प्रकाशन हुन बाँकी रहेको | • राजपत्रमा प्रकाशन गर्ने<br>• आवश्यक तर बन्न बाँकी रहेका ऐनहरू बनाउनुपर्ने |
| संरचना तथा व्यवस्थापन विकास | • प्रमुख | • आवश्यक पर्ने संरचना निर्माण भएपश्चात व्यवस्थित हुन शुरु गरेको | • निर्मित संरचनाको सही उपयोग र मर्मतका लागि योजना बनाई कार्यान्वयनमा लैजान संरचनाको क्षमता अभिवृद्धि गर्नुपर्ने |
| वडा कार्यालय व्यवस्थापन | • प्रमुख<br>• वडा अध्यक्ष | • वडा कार्यलयको व्यवस्थापन हुन सकेको छैन | • वडा कार्यालयलाई व्यवस्थित गर्न |
| न्यायिक समितिको कार्यप्रणाली तथा कार्य सम्पादन | • न्यायीक समिति | • न्यायीक समितिको कार्यसम्पादन कार्यविधि तयार नभएको | • कार्यविधि तयार गर्नुपर्ने<br>• कार्यान्वयनको लागि आवश्यकता अनुसार सुधार गर्दै जाने |
| समिति, उपसमितिहरूको परिचालन | • प्रमुख<br>• उपप्रमुख<br>• विषय क्षेत्रगत समितिका संयोजकहरु | • समिति, उपसमिति, विधान समिति गठन भएका छन् तर क्रियाशिलता प्रभावकारी छैनन् । | • सबै समिति तथा उपसमितिहरूको क्षमता विकास (तालिम) गरी प्रभावकारी बनाउने |
| सामाजिक समावेशीकरण तथा निर्णय प्रक्रियामा सहभागिता | • प्रमुख<br>• उपप्रमुख<br>• सामाजिक विकास समिति | • निर्णय प्रक्रिया सर्वसम्मत हुने गरेको | • लैससास नीति तयार गरी लागु गर्ने<br>• लैससासको बारेमा क्षमता अभिवृद्धि गर्नुपर्ने<br>• महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, लोपोन्मुखबासीलाई निर्णय प्रक्रियामा विचार राख्ने |

| क्षमता विकास क्षेत्र | भूमिका हुने प्रमुख/उपप्रमुख समिति/उपसमिति | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरु |
|---|---|---|---|
| | | | पहिलो अवसर दिने |
| सहकार्य, समन्वय र साझेदारिता | • प्रमुख | • सहकार्य समन्वय र साझेदारीताका लागि साझा सरोकारका क्षेत्रहरूको पहिचानमा जोड दिन नसकेको | • साझा सरोकारको क्षेत्रहरू पहिचान गरी लागत तथा प्रविधि साझेदारी गर्ने<br>• समन्वय तथा सहकार्य नीति तयार गरी लागु गर्ने |
| पारदर्शिता तथा गुनासो सुन्ने प्रणाली | • प्रमुख<br>• वडा अध्यक्ष<br>• उपप्रमुख | • पारदर्शिताका विधि तथा औजारहरूलाई नागरिक मैत्री बनाउन सकिएको छैन<br>• औपचारिक रूपमा गुनासो सङ्कलन र व्यवस्थापन छैन | • औपचारिक रूपमा गुनासो सङ्कलन गरी त्यसको औपचारिक व्यवस्थापन गर्ने<br>• गुनासो व्यवस्थापन अधिकारी तोक्ने |
| अनुगमन तथा मूल्यांकन | • अनुगमन तथा मूल्यांकन समिति | • अनुगमन तथा मूल्याङ्कन प्रक्रिया नीति नियम कार्यविधि एवम् सूचनामा आधारित भन्दा औपचारिकताका लागि मात्र अनुगमन हुने गरेको छ। | • अनुगमन तथा मूल्याङ्कन निर्देशिका/कार्यविधि/नीति/नियम एवम् सूचनामा आधारित बनाई समितिको क्षमता अभिवृद्धि गरी क्रियाशिल बनाउने |
| संस्थागत मूल्य तथा मान्यता | • प्रमुख | • संस्थागत मूल्य तथा मान्यताहरू निर्धारण गरिएको छैन | • संस्थागत मूल्य तथा मान्यता तयार गरी सबैले पालना गर्ने गराउने नीति निर्माण गर्ने |

### ३.२.१.३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा

आपूर्तिमा आधारित क्षमता विकाससम्बन्धी क्रियाकलापहरूको पहिचानका लागि राष्ट्रिय महत्वका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरूको अध्ययनका अतिरिक्त स्थलगत सूचना समेत संकलन गरिएको थियो । दस्तावेजहरूको अध्ययन नबचमब "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" को अनुसूचि ४ ले निर्दिष्ट गरे अनुसार गरिएको थियो । त्यसपछि "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" को अनुसूचि ५ को फारामको आधारमा नगरपालिकाका आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताका लेखाजोखा गर्दा संविधानको अनुसुची ८ ले दिएको एकल अधिकारको क्षेत्र अर्न्तगत नगर प्रहरी, जग्गा धनी पुर्जा वितरण, स्थानीय अभिलेख व्यवस्थापन, वाहेक सवै अधिकार को उपयोग भएको देखिन्छ । यस अन्तरगतका अधिकांस अधिकारहरु को पुर्ण उपयोग र जनशक्ति भएको पाइएको छ । तर स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन,स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण,कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास को क्षेत्रमा आंसिक उपयोग जनशक्ति कम भएको देखिन्छ । संविधानको अनुसुची ९ अनुसारको साझा अधिकार अन्तरगत अरु सवै अधिकारको उपयोग भएतापनि सवारी साधन अनुमति, घरेलु तथा साना उद्योग संचालन, भूमि व्यवस्थापन र यातायात सेवा को क्षेत्रमा उपयोग र जनशक्ति नभएको देखिन्छ भने विद्युत्, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू, वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, स्थानीय स्तरमा पूरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, संवर्द्धन र पुनर्निर्माण सम्वन्धमा आंसिक उपयोग भएको र जनशक्ति नभएको देखिन्छ । यस कुरालाइ  अनुसुचीको तालिका ३ मा देखाइएको छ ।

**ऐन, नियम, विधि र प्रणालीको स्थापनाको** अवस्थाको लेखाजोखा गर्दा संघिय मामला तथा स्थानिय मन्त्रालयले पठाएको नमुना कानून अनुसार एकल अधिकार क्षेत्रका नगर प्रहरी संचालन कार्यविधि, स्थानिय बजार व्यवस्थापन, वातावरण संरक्षण तथा जैविक विविधता, स्थानिय तथ्यांक र अभिलेख व्यवस्थापन कार्यविधि, जस्ता कानुनहरू बन्न बाकीँ छन । यी विषय संग सम्वन्धित ऐन ,कानून तथा कार्यविधि तयार गरि लागु गर्नुपर्ने देखिन्छ । यस कुरालाइ  अनुसुचीको तालिका ३ मा देखाइएको छ ।

**कर्मचारी तथा पूर्वाधार अवस्थाको विश्लेषण** गर्दा नगरपालिकाको आफ्नै भवन,सभाहल, विद्यालयहरु तथा स्वास्थ्य कोन्द्रहरु रहेका छन संगठन संरचना अनुसार पूर्ण कर्मचारी नभएपनि उपलव्ध कर्मचारीवाटै सेवा प्रवाह भइरहेको छ । दशरथचन्द नगरपालिकामा जनसंख्याको वृद्धिसंग संगै सेवा ग्राहीहरूको संख्या बढेका कारण सेवा प्रवाहमा चाप परेकोले गर्दा विद्यमान

उपलब्ध जनशक्ति अपुग भएको छ र थप जनशक्तिको व्यवस्थापन गर्नपर्ने देखिन्छ । कर्मचारी संग संगै कोठा, फर्निचर तथा प्राविधिक औजार तथा उपकरणका अभावले शुसान कायम गर्नमा व्यवधान सिर्जना गरेको छ ।

### ३.२.१.४ क्षमता विकाससाग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान

माथि उल्लेखित चरणहरूबाट पहिचान गरिएका क्षमता विकासका कार्यहरूमा योगदान दिनसक्ने स्रोत व्यक्ति तथा सरोकारवाला पक्षहरूको पहिचान गरी निजहरूसँग हुन सक्ने सहकार्यका क्षेत्रहरू तथा प्राप्त हुन सक्ने सेवा तथा सहयोगको आँकलन गर्नु पर्दछ । स्रोत व्यक्ति तथा सरोकारपक्षहरूको पहिचानका लागि प्रयोगमा ल्याउने फारामको ढाँचा **अनुसूची – ६** मा दिइएको छ ।

## तालिका ५: क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू

| स्रोत व्यक्ति वा सरोकारवाला पक्षको नाम | क्षमता विकास सहकार्य वा सहयोगका क्षेत्र | संभावित भूमिका |
|---|---|---|
| संघिय सरकार | आर्थिक तथा प्राविधिक सहयोग, कर्मचारीको व्यवस्थापनमा सहयोग | आर्थिक अनुदान |
| प्रदेश प्रादेशिक सुशासन केन्द्र | प्राविधिक सहयोग, क्षमता विकास (श्रोत व्यक्ती, विज्ञ सहयोग) | क्षमता अभिवृद्धी, तालिम, नीति तथा रणनीति तयारी, आवधिक योजना तयरी |
| प्रदेश सरकार, विषयगत मन्त्रालयहरु | आर्थिक तथा प्राविधिक सहयोग | आर्थिक अनुदान |
| राष्ट्रिय योजना आयोग | आर्थिक तथा प्राविधिक सहयोग | आर्थिक अनुदान |
| सुदूरपश्चिम प्रदेश, यजना आयोग | आर्थिक तथा प्राविधिक सहयोग | आर्थिक अनुदान |
| जिल्ला समन्वय समिति, कञ्चनपुर | आर्थिक तथा प्राविधिक सहयोग | आर्थिक अनुदान |
| वित्तिय संस्था | विकासमा साझेदाझरी | नगरपालिकाको नीति तथा कार्यक्रमको मातहतमा रहेर सहकार्य |
| सहकारी | विकासमा साझेदरी | नगरपालिकाको नीति तथा कार्यक्रमको मातहतमा रहेर सहकार्य |
| वन उपभोक्ता समूह | विकासमा साझेदरी | नगरपालिकाको नीति तथा कार्यक्रमको मातहतमा रहेर सहकार्य |
| स्थानीय उपभोक्ता | विकासमा साझेदरी | लागत साझेदारी |

### ३.२.१.५ नगरपालिकाको संस्थागत क्षमता विकास योजना

दशरथचन्द नगरपालिकाको क्षमता विकास योजा तयार गर्दा क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ अनुसार नगरपालिकाको अवस्था विश्लेषण गरिएको थियो । अवस्था विश्लेषण वाट प्राप्त समस्याहरुलाइ सम्वोधन गर्न सामुहिक छलफल वाट दिग्दर्शनको अनुसुची ७ को ढाँचा मा संस्थागत क्षमता विकास योजना तयार गरिएको छ । यसरी योजना निर्माण गर्दा अवस्था विश्लेषण को लखाजोखा लाइ आधार वनाइएको थियो ।

## तालिका ६: स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | लागत व्यहोर्ने स्रोत (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | आन्तरिक | बाह्य |
| १. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | | | | | | | | | | | |
| वाड केन्द्रलाई सेवाप्रवाह केन्द्रको रुपमा विकास गर्ने | संख्या | १० | प्रशासन शाखा | | | | ८०० | १००० | १२०० | १००० | २००० |
| सबै वडा कार्यालयलाई प्रविधि मैत्री बनाउने सेवा ग्राही मैत्री कार्यकक्षहरु निर्माण गर्ने | संख्या | १० | वडा अध्यक्षहरु | | | | ११०० | ११०० | ९०० | ११०० | २००० |
| पालिकाको सर्वर व्यस्थापन | सख्या | १ | सूचना तथा प्रविधि शाखा | | | | ९०० | १४०० | | ९०० | १४०० |
| सडक अधिकार क्षेत्र र मापदण्ड तयार | सख्या | १ | भौतिक पूर्वाधार | | | | ५०० | ५०० | ५०० | ५०० | १००० |
| प्रशासन, राजश्व, योजना तथा अनुगमन र प्राविधिक शाखाको लागि ल्यापटप | संख्या | १५ | आर्थिक प्रशासन | | | | १००० | | १००० | १२०० | ८०० |
| प्रशासन, राजश्व, योजना तथा अनुगमन र प्राविधिक शाखाको लागि मोटर साइकल | संख्या | १० | आर्थिक प्रशासन | | | | १२०० | १२०० | १५०० | १५०० | २४०० |
| स्वास्थ्य केन्दहरुमा कम्प्युटर | संख्या | १० | आर्थिक प्रशासन | | | | ३०० | ३०० | ३०० | ४०० | ५०० |
| **जम्मा भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित रु. १,६७,००,०००/- (जम्मा एक करोड सरसट्ठी लाख मात्र )** | | | | | | | ५८०० | ५५०० | ५४०० | ६६०० | १०१०० |
| २. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | | | | | | | | | | | |
| सडक आवधिक योजना तयारी | संख्या | १ | प्रशासन शाखा | | | | ३०० | | | ३०० | |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | लागत व्यहोर्ने स्रोत (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | आन्तरिक | बाह्य |
| आकस्मिक कोष परिचालन नीति | संख्या | १ | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | | | | ४०० | ४०० | ५०० | | १३०० |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण | संख्या | १ | प्रशासन शाखा महिला तथा बालबालिका शाखा | | | | ५०० | ५०० | ५०० | ५०० | १००० |
| मर्मत सम्भार कोष व्यवस्थापन नीति तयारी | संख्या | १ | जिन्सी शाखा | | | | ५०० | ५०० | ८०० | १००० | ८०० |
| आन्तरिक सञ्चार निर्देशिका निर्माण | संख्या | १ | सूचना प्रविति शाखा र क्ष.बि.यो. स.स. | | | | ९०० | | | ३०० | ६०० |
| कृषि व्यवसाय प्रवर्द्धन ऐन निर्माण | संख्या | १ | कृषि शाखा | | | | २५० | | | | २५० |
| बालकल्याण गृह सन्चालन कार्यविधि | संख्या | १ | महिला बालबालिका शाखा | | | | १५० | | | १५० | |
| बाल विवाह विरूद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि | संख्या | १ | महिला बालबालिका शाखा | | | | १५० | | | १५० | |
| सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि | संख्या | १ | महिला बालबालिका शाखा | | | | १०० | | | १०० | |
| कर्मचारी आचारसहिता तथा कार्य विभाजन कार्यविधि | संख्या | १ | प्रशासन शाखा | | | | २०० | २०० | | | ४०० |
| स्थानीय सरकारको कर तथा गैरकर सम्बन्धी | संख्या | १ | आर्थिक प्रशासन शाखा | | | | २०० | | | | २०० |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | लागत व्यहोर्ने स्रोत (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | आन्तरिक | बाह्य |
| कानून निर्माण | | | | | | | | | | | |
| राजस्व सुधार योजना | संख्या | १ | आर्थिक प्रशासन शाखा | | | | २०० | १०० | १०० | १०० | ३०० |
| **जम्मा नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित रु. ७४,५०,०००/- (जम्मा चौहत्तर लाख पचास हजार मात्र )** | | | | | | | **३८५०** | **१७००** | **१९००** | **२६००** | **४८५०** |
| ३ मानव संसाधन प्राप्तिसँग सम्बन्धित | | | | | | | | | | | |
| ग्रामिण कृषि प्रविधि लाई एक पटकका लागि टुल किट र औषधि सहयोग | संख्या | १ | आर्थिक प्रशासन शाखा | | | | ३०० | ४०० | ३०० | ३०० | ७०० |
| ग्रामिण पशु प्रविधि लाई एक पटकका लागि टुल किट र औषधि सहयोग | संख्या | १ | आर्थिक प्रशासन शाखा | | | | २०० | १०० | १०० | २०० | २०० |
| खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ताका लाई एक पटकका लागि औजार सहयोग | संख्या | १ | आर्थिक प्रशासन शाखा | | | | ५०० | ५०० | ४०० | ५०० | ९०० |
| **जम्मा मानव संशाधन प्राप्तिसँग सम्बन्धित रु. २८,००,०००/- (जम्मा अठ्ठाइस लाख मात्र )** | | | | | | | **१०००** | **१०००** | **८००** | **१०००** | **१८००** |
| ४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | | | | | | | | | | | |
| क्षेत्रगत आवधिक गुरुयोजना तथा कार्यक्रम कार्यान्वयन कार्यशाला (५ वटा क्षेत्रगत) ५ दिनको आवासिय तालिम | पटक | १ | योजना तथा अनुगमन र प्रशासन शाखा | | | | ४०० | | | १०० | ३०० |
| बनाउन बाँकी रहेका ऐन, नियम, कार्यविधि तथा तयारी सम्बन्धि कार्यशाला | पटक | १ | कानूनी इकाई र प्रशासन शाखा | | | | ३०० | | | १०० | २०० |

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | लागत व्यहोर्ने स्रोत (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०७९।८० | २०८०।८१ | २०८१।८२ | आन्तरिक | बाह्य |
| नगरसभा व्यवस्थापन तालिम | पटक | १ | प्रशासन | | | | २०० | | | १०० | १०० |
| कार्य सम्पादन, मुलयाङ्कन तथा प्रतिवेदन तयार र मापदण्ड निर्धारण सम्बन्धि कार्यशाला | पटक | १ | योजना तथा अनुगमन र प्रशासन शाखा | | | | १०० | | | | १०० |
| गुनासो व्यवस्थापन बारे वडा समिति, वडा सचिब र न्यायिक समितिलाई प्रशिक्षण | संख्या | १ | नगरपालिका र कार्यपालिका | | | | ४५० | | | १५० | ३०० |
| संघ र प्रदेशसँग समन्वय र सहकार्यका लागि अन्तरक्रिया/ छलफल | संख्या | १ | प्रशासन | | | | २०० | २०० | २०० | २०० | ४०० |
| लैङ्गिका समानता, समावेशी पहुँच सम्बन्धि अभिमुखिकरण कार्यक्रम | सख्या | १ | सामाजिक विकास, | | | | २०० | २०० | २०० | २०० | ४०० |
| नगरपालिका र बिकास साझेदारहरु बिच अन्तरकृया | संख्या | १ | नगरपालिका र कार्यपालिका | | | | १०० | १०० | १०० | १०० | २०० |
| वडा सचिवहरुलाई कार्यक्रम सञ्चलान तालिम | पटक | १ | प्रशासन | | | | १५० | १५० | १५० | १५० | ३०० |
| **तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित जम्मा रु. ३४,००,०००/- (जम्मा चौतिस लाख मात्र )** | | | | | | | **२१००** | **६५०** | **६५०** | **११००** | **२३००** |
| **कूल जम्मा रु. ३,०३,५०,०००/- (जम्मा तीन करोड तीन लाख पचास हजार मात्र )** | | | | | | | | | | | |

### ३.२.१.६ नगरपालिकाको संस्थागत क्षमता विकासको खर्च सारांश

**तालिका ७: संस्थागत क्षमता विकासको खर्च सारांश**

| सि.नं | संस्थागत क्षमता विकासका क्षेत्र | जम्मा लागत रु | लागत व्यहोर्ने स्रोत (रु) | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| १ | भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | १,६७,००,००० | ६६,००,००० | १,०१,००,००० |
| २ | नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | ७४,५०,००० | २६,००,००० | ४८,५०,००० |
| ३ | मानव संशाधन प्राप्तिसँग सम्बन्धित | २८,००,००० | १,००,००० | १८,००,००० |
| ४ | तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | ३४,००,००० | ११,००,००० | २३,००,००० |
| | **जम्मा** | **३,०३,५०,०००** | **१,१३,००,०००** | **१,९०,५०,०००** |

## ३.२.२ मानव संशाधन विकास योजना

सामान्यतया मानव संशाधन विकास भनेको संस्थामा कार्यरत कर्मचारी तथा विविध कार्यमा सहयोग गर्ने सेवा बजारको व्यक्तिगत र संस्थागत सीप, ज्ञान र क्षमता किासको संरचना हो । यसले मानव संसाधन विकासका लागि तालिम, अभिमुखिकरण, अध्ययन अवलोकन गोष्ठी, अन्तरक्रिया, छलफल आदि मात्र नभएर संगठनमा आवद्ध कर्मचारी तथा प्रतिनिधि, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुति समेत भएको हुँदा यो क्षमता विकास योजना बनाउँदा वर्तमानमा भएको जनशक्तिको विद्यमान क्षमताको मूल्यांकन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास रणनीति तथा योजनाको तर्जुमा गरिएको थियो । अध्ययन कममा पालिकका कर्मचारीसँग दुवै व्यक्तिगत र समूहगत रुपमा कर्मचारीको कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र दक्षता तथा उनिहरुमा रहेको विद्यमान ज्ञान, सीप र दक्षता बीचको अन्तर पहिचान गरी प्राप्त भएका सूचनाहरूको अध्ययन तथा विश्लेषण गरी मानव संशाधन विकासका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरी योजना बनाईएको हो ।

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची ८ र ९ अनुसार स्थानीय सरकार विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा (शाखागत रूपमा) र अनुसूची ९ अनुसार स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा (विषयक्षेत्रगत रूपमा) क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको थियो ।

### ३.२.२.१ स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम

दिग्दर्शनको अनुसूची ८ अन्तर्गत सबै शाखाका कर्मचारीले स्वःमूल्यांकन गरी आफ तोकिएको जिम्मेवारी पुरा गर्न ज्ञान, सीप र क्षमतामा केहिले उच्च र केहिले मध्यम रहेको स्वीकार्दै थप क्षमता विकासको अपेक्षा राखेको अवस्था छ । सरोकारवाला पक्षहरू संगको छलफलका आधारमा सेवा प्रवाहलाइ प्रभावकारी बनाउन, न्यायिक तथा मध्यस्तता सीप विकास गर्न, नतिजामा आधारित योजना तर्जुमा गर्न, सामाजिक उत्तरदायित्व तथा जवाफदेहिताका लागि शाखा प्रमुखहरू तथा पालिकाका पदाधिकारीहरूका लागि प्रशिक्षण तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्दा उनीहरूको क्षमता अभिवृद्धि भइ सूशासन कायम हुने अपेक्षा गरिएको छ । स्थानीय तहको योजना तर्जुमा अनुगमन तथा मूल्याङ्कनलाइ प्रभावकारी बनाइ विनियोजित बजेटको खर्च गर्न सक्ने क्षमता वृद्धि गर्न प्रक्रियागत पक्षहरूमा सुधार गर्न आवश्यक छ भने जनप्रतिनिधि, सम्बन्धित कर्मचारी तथा प्राविधिकहरूको क्षमता विकासले कार्य सम्पादनमा दक्षता हासिल गर्न सकिने सुझाव प्राप्त भएको छ ।

## तालिका ८: स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा

| पदीय जिम्मेवारी | कार्यविवरण अनुसार गर्नुपर्ने मुख्य कार्यहरू | कार्यसम्पादनमा देखिएका कठिनाइहरू | विद्यमान ज्ञान, सीप र दक्षता (स्वःमूल्याङ्कन) | | | ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम ( विषयवस्तु) |
|---|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून | |
| वडा सचिव | घटना दर्ता,सामाजिक सुरक्षाभत्ता सम्बन्धी र पत्राचार तथासिफारिस तथा वडा कार्यालयबाट सम्पादन हुने सम्पूर्ण कार्य | घटना दर्ता ऐन, घटना दर्ता संशोधन प्रकृया र व्यवहारिक समस्या | | | | • प्रशासनिक कार्य सम्बन्धी, योजना फर्स्यौट, अनलाई घटना दर्ता, सामाजिक सुरक्षा<br>• सुदृढिकरण सम्बन्धी तालिम, अनलाईन राजस्व सम्बन्धी तालिम<br>• नयाँ तथा संशोधित ऐन,नियम लगायत कानुनी सचेतना तालिम,<br>• लैगिक समानता र सामाजिक समावेशीकरणको तालिम<br>• सेवा प्रबेश तालिम तथा सेवाकालिन तालिम |
| अधिकृत | शाखा, इकाईले तोकेका काम र आन्तरिक सञ्चार | आन्तरिक सञ्चार, निर्णय मस्यौदा तयारी, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन परीक्षण | | | | • प्रशासनिक सुदृढीकरण तालिम, वार्षिक बजेट तथा योजना निर्माण सम्बन्धी,<br>• नयाँ तथा संशोधित ऐन,नियम लगायत कानुनी<br>• सचेतना तालिम,<br>• कर्मचारी मनोवल, उत्प्रेरणा वृद्धि, तनाव व्यवस्थापन, सकारात्मक सोच,कर्मचारी आचारसंहिता सम्बन्धी तालिम<br>• लैगिक समानता र सामाजिक समावेशीकरण क्षमता अभिवृद्धी |

| पदीय जिम्मेवारी | कार्यविवरण अनुसार गर्नुपर्ने मुख्य कार्यहरू | कार्यसम्पादनमा देखिएका कठिनाइहरू | विद्यमान ज्ञान, सीप र दक्षता (स्व:मूल्याङ्कन) | | | ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम ( विषयवस्तु) |
|---|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून | |
| शाखा अधिकृत | विद्यालयकोहरुको निरीक्षण अनुगमन, तालिम संचालन, शिक्षक विद्यार्थी तथा भौतिक संरचनाहरुको तथांक अद्यावधिक, शैक्षिक अभिलेखिकरण | व्यवस्थित तरिकाले शैक्षिक सुचक तथांकहरु अद्यावधिक गर्न गाह्रो | | | | • शैक्षिक योजना निर्माण,<br>• पाठ्यक्रम सम्बन्धी |
| लेखाअधिकृत | आर्थिक प्रशासन, सञ्चालन तथा व्यवस्थापन, | सेवाग्राही सचेतनाको कमीका कारण कर संकलन र कट्टीमा कठीनाइ भएको | | | | • आर्थिक प्रशासन सञ्चालन गर्ने सुत्र प्रणालीमा डे क्लोजको सिस्टम लागु गर्नुपर्ने । |
| लेखापाल | कर दाखिला | स्वचालित पद्धतीको विकाशस अपेक्षाकृत नहुदा कार्यसम्पादनमा सहजता नवढेको | | | | • आर्थिक प्रशासन सम्वन्धी नवप्रवर्तनहरुसँग अपडेट हुनेगरी पद्धती विकास गर्नुपर्ने । |
| अधिकृत छैठौं | घटना दर्ता तथा सा.सु | सा.सु हिसाव मिलान गर्ने, घटना दर्ता ऐनमा र व्यवहारिक समस्या | | | | • लिलाम सम्बन्धी, योजना फर्स्योट, अनलाई घटना दर्ता सम्बन्धी |
| एम.आई.एस अपरेटर | घटना दर्ता तथा सा.सु | सा.सु हिसाव मिलान गर्ने, घटना दर्ता ऐनमा र व्यवहारिक समस्या | | | | • अनलाईन घटना दर्ता, सामाजिक सुरक्षा, डिजिटाईजेशन सम्बन्धी |
| योजना शाखा प्रमुख | गा.पा. मा संचालन हुने विकास निर्माण कार्यको संझौता देखि फरक फरक सम्मको श्रेस्ता राख्ने । योजनाको प्रगती प्रतिवेदन तयार गर्ने । योजना अनुगमन समितिको सदस्य सचिव तथा सदस्यको काम गर्ने । | योजनाको संख्या वढी भएकालले श्रेस्ता अधयावधिक राख्न कठीनाई भएको । कोठा सागुरो भएको कारण काममा र समन्वमा कठीनाई भएको अनुसूची धेरै भएको र अधिकांशले भरेर नल्याउदा कार्य संचालन मा ढिला हुने गरेको । अनुगमन तथा मूल्याकनको नीति नभएकोले । | | | | • विद्युतिय सफ्टवेयर को व्यवस्थापन हुनु पर्ने । शाखामा कार्यरत कर्मचारीहरुलाई सफटवेयर संचालनको तालिम दिनु पर्ने ।<br>• उपभोक्ता समितिलाई समयमै योजना संचालन तथा श्रेस्ता व्यवस्थापन सम्वन्धी तालिम वार्षिक चलाउनु पर्ने । |

| पदीय जिम्मेवारी | कार्यविवरण अनुसार गर्नुपर्ने मुख्य कार्यहरू | कार्यसम्पादनमा देखिएका कठिनाइहरू | विद्यमान ज्ञान, सीप र दक्षता (स्वःमूल्याङ्कन) | | | ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम ( विषयवस्तु) |
|---|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून | |
| सहायक महिला विकास निरक्षक | - | जनशक्तिको कमिले कार्यालय र फिल्डको काम गर्न | | | | • GESI, बाल सरक्षण, बाल अधिकार सम्बनधी तालिम, नयाँ नितिनमियको बारेमा अभिमुखिकरण |
| सिभिल इ. | नगरपालिकाबाट हुने सम्पूर्ण प्राविधिक कार्यहरुको अनुगमन, ईष्टिमेट, मुल्यांकन, डिजाईन, सर्वेक्षण सम्बन्धी सम्पूर्ण काम | लागत अनुमान भन्दा बढी आपेक्षा भएको | | | | • बोलपत्र अहावन तालिम<br>• सार्वजनिक खरिद नियमालीबारे क्षमता अभिवृद्धी नया प्रविधिसँग सम्बन्धित तालिम तथा अभिमुखिकरण<br>• नक्सा डिजाइन तालिम<br>• दक्ष र अदक्ष जनशक्तिलाइ नया प्रविधिको तालिममा |
| सइ | - | स्थानिय सरकारको सार्वजनिक खरिद नियमाली नभएको | | | | • बोलपत्र अहावन तालिम<br>• सार्वजनिक खरिद नियमालीबारे क्षमता अभिवृद्धी नया प्रविधिसँग सम्बन्धित तालिम तथा अभिमुखिकरण |
| असइ | - | - | | | | • बोलपत्र अहावन तालिम<br>• सार्वजनिक खरिद नियमालीबारे क्षमता अभिवृद्धी नया प्रविधिसँग सम्बन्धित तालिम तथा अभिमुखिकरण |
| सूचना तथा प्र.अ. | सुचना प्रणाली व्यवस्थापन | वजेट विनियोजन कमी, भौगोलिक विकटताका कारण सञ्चार प्रविधिमा कठिनाई | | | | • सेवा प्रवेश, सेवाकालिन र प्रविधिको पुनर्ताजिक तालिमको व्यवथा ।<br>• प्राविधिकहरूलाई प्रविधि सम्बन्धी ज्ञान प्रदान गर्ने तालिम |
| सहायक पाचौ | सार्वजनिक खरीद सम्बन्धी सम्पूर्ण काम | खरीद ऐन नियमावली | | | | • जिन्सी व्यवस्थापन सफवेयर सम्बन्धी<br>• प्रशासनिक सुदृढीकरण तालिम, वार्षिक बजेट तथा योजना निर्माण सम्बन्धी, सार्वजनिक खरीद प्रकृया सम्बन्धी |
| प्रा.स | औषधी वितरण तथा पशु उपचार, कृतिम गर्भाधान, संघिय तथा प्रदेश हस्तान्तरीत कार्यक्रम सहजीकरण | ए.आई.सम्बन्धी सम्पूर्ण ज्ञान नहुनु, खरीद प्रकृया सम्बन्धी ऐन नियमावलीको सम्पूर्ण जानकारी नहुनु | | | | • खरीद प्रकृया सम्बन्धी तालिम |
| प्रा.स (कृषि) | कृषकको खेत बारीमा पुगी सेवा टेवा कार्यक्रम गर्ने, कृषि सामग्री वितरण | टेन्डर प्रक्रियाबाट खरीद कार्यमा कठिनाई | | | | • आई.पि.एम. सम्बन्धी, तालिम<br>• वाली संरक्षण शिविर सञ्चालन तालिम खरीद प्रकृया सम्बन्धी तालिम |

| पदीय जिम्मेवारी | कार्यविवरण अनुसार गर्नुपर्ने मुख्य कार्यहरू | कार्यसम्पादनमा देखिएका कठिनाइहरू | विद्यमान ज्ञान, सीप र दक्षता (स्व:मूल्याङ्कन) | | | ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम ( विषयवस्तु) |
|---|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून | |
| अधिकृत | स्वास्थ्य शाखाको सम्पूर्ण काम | | | | | • नेतृत्व विकास सम्बन्धी तालिम |

### ३.२.२.२ स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम

दिग्दर्शनको अनुसूची ९ अन्तर्गत विषयगत क्षेत्रका रूपमा स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा गर्दा विभिन्न नेतृत्व तह, वडासमिति तथा कर्मचारी र पालिकाका विभिन्न कर्मचारीलाई विभिन्न विषयहरु खास गरी कानुनी सचेतना तालिम, सेवा प्रवेश तथा सेवाकालिन तालिम, प्रशासनिक सुदृढीकरण तालिम, तनाव व्यवस्थापन सम्बन्धी तालिम, स्थानीय पाठ्क्रम निर्माण सम्बन्धी अभिमुखीकरण, सफ्टवेयर व्यवस्थापन तथा संचालन सम्बन्धी तालिम, विकासमा लैगिंक तथा समाजिक समावेशीकरणको महत्व सम्बन्धी अभिमुखीकरण र जिआइएस. र नक्साङ्कन सम्बन्धी तालिम रहेका छन् । मानव संसाधन विकासका लागि मागमा आधारित निम्न आवश्यकताहरु व्यवस्थापन गर्नुपर्ने देखिन्छ :

- कानुनी सचेतना तालिम
- सेवा प्रवेश तथा सेवाकालिन तालिम
- प्रशासनिक सुदृढिकरण तालिम
- तनाव व्यवस्थापन सम्बन्धि तालिम
- स्थानीय पाठ्क्रम निर्माण सम्वन्धि अभिमुखिकरण
- सफ्टवेयर व्यवस्थापन तथा संचालन सम्बन्धि तालिम
- विकासमा जिइएसआइको महत्व सम्वन्धि अभिमुखिकरण
- जि.आइ.एस. सम्बन्धी तालिम

### ३.२.२.३ स्थानीय सरकारको मानव संशाधन क्षमता विकास योजना

यस नगरपालिकाको मानव संसाधन विकास योजना तर्जुमा गर्दा क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसुची १० का अनुसार तयार गरिएको छ । नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधि हरुको सहभागीतामा दिग्दर्शनको अनुसूचि ८ र ९ का फारमहरु प्रयोग गरी मानव संसाधनको लेखाजोखा गरिएको छ । उक्त लेखाजोखाका आधारमा योजना तयार गरिएको छ ।

## तालिका ९: स्थानीय सरकारको मानव संशाधन विकास योजनाको ढाँचा

| मानव संशाधन विकास क्रियाकलापह रू | प्राप्त हुने सिकाई | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | जम्मा बजेट (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | आन्तरिक | बाह्य |
| १.निर्वाचित पदाधिकारीहरूका लागि | | | | | | | | | | | |
| नगर तथा वडा सभा व्यवस्थापन सम्बन्धि अभिमुखीकरण | नगर तथा वडा सभा र बैठकहरु व्यवस्थित हुने | नगर तथा वडा सभा र बैठकहरु व्यवस्थित र नियमित हुने | प्रशासन | | | | २०० | २०० | २५० | १०० | ५५० |
| जनप्रतिनिधिहरुाई स्थानीय तहको योजना तर्जुमा सम्बन्धि अनुशिक्षण | योजना तर्जुमाको ज्ञान | योजना तर्जुमा चुस्त हुँने | योजना शाखा | | | | ५०० | | | २०० | ३०० |
| क्षेत्रगत आवधिक योजना कार्यान्वयनको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | आवधिक योजनाको महत्व र ज्ञान | योजना निर्माणमा सहयोग | प्रशासन शाखा र योजना शाखा | | | | | १५० | १५० | | ३०० |
| योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली र प्रतिवेदन लेखन बारे कार्यपालिका सदस्यहरु, वडाका प्रतिनिधीहरु लाई तालिम | योजना तर्जुमा, कार्यन्वयन र अनुगमन तथा मूल्याँकन को ज्ञान अभिवृद्धी हुने | योजना चक्र व्यवस्थापन तथा मुल्याङ्न प्रणलीमा सहजता आउँने । | प्रशासन शाखा, योजना शाखा | | | | २५० | २५० | | १०० | ४०० |
| योजना निर्माण प्रक्रियाका बारेमा अभिमुखिकरण | योजना निर्माणमा सहज | योजना आवश्यकताको आधारमा पहचािन गर्न सहयोग | योजना शाखा | | | | १५० | १५० | १५० | १५० | ३०० |
| लैंगिक समानता र सामाजिक समावेशीकरण बारे कार्यपालिका र वडा | GESI बारे संवेदनशिलता आउँने | समाबेसी विकास हुँने । | प्रशासन प्रमुख महिला तथा बालबालिका शाखा | | | | १०० | १०० | १०० | १०० | २०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाई | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | जम्मा बजेट (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | आन्तरिक | बाह्य |
| न्याय सम्पादन तथा मध्यस्थता बारे न्यायिक समितिका पदाधिकारी लाई प्रशिषण | न्याय सम्पादन मा सहजता र मेलमिलापमा बृद्धि | स्थानीय भै झगडा मिलाउन सक्षम हुँने | प्रशासन शाखा, न्यायिक समिति | | | | २०० | २०० | २५० | | ६५० |
| सार्वजनिक र सामाजिक उत्तरदायित्व जवाफदेहिताका अवधारणा, औजारहरू र उपयोग सीप बारे कार्यपालिका तथा वडाका पदाधिकरी लाई तालिम | उत्तरदायित्वको संवेदनशिलता बढ्ने | सार्वजकि जवाफदेहितामा सुधार हुँने | प्रशासन शाखा | | | | ३०० | २५० | | २०० | ३५० |
| स्थानीय स्रोत साधनहरुको पहिचान, उच्चतम उपयोग र व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | स्रोत साधनको पहिचान र उपयोगको अवस्थाको लेखाजोखा | स्थानीय स्रोत परिचान र व्यवस्थापन गर्न सहयोग पुग्ने | प्रशासन शाखा | | | | १०० | १०० | १०० | १०० | २०० |
| **जम्मा निर्वाचित प्रतिनिधिको रु. ४२,००,०००/- (जम्मा बयालिस लाख मात्र )** | | | | | | | **१८००** | **१४००** | **१०००** | **९५०** | **३२५०** |
| **२. समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | |
| विभिन्न उपभोक्ता समितिहरुलाई विकासमा जनसहभागिता बारे प्रशिक्षण | जनसहभागिताको ज्ञान | जनसहभागिता जुटने | योजना शाखा | | | | २०० | २०० | २०० | | ६०० |

| मानव संशाधन विकास क्रियाकलापह रू | प्राप्त हुने सिकाई | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | जम्मा बजेट (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | आन्तरिक | बाह्य |
| स्थानिय आवश्यकताको योजना पहिचान अनुशिक्षण | योजना प्राथमिकिरणको ज्ञान | योजना छनौटमा सहयोग | योजना शाखा | | | | १५० | १५० | | २०० | १०० |
| सूचनाको हक बारे टोल सुधार समितिहरुको क्षमता विकास तालिम | सूचनाको ज्ञान | सुचना आदन प्रदानमा सहयोथ | प्रशासन शाखा सुचना तथा प्रविधि शाखा | | | | १०० | १०० | १०० | | ३०० |
| विषयगत आवधिक योजना कार्यान्वयन रणनीतिको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | क्षेत्रगत स्थानीय विकास योजना बनाउँन र समस्या समाधान गर्न | समस्या पहिचा र त्यसको उचित समाधान खोज्न सहज | प्रशासन शाखा | | | | १०० | १०० | १५० | ३५० | |
| विषयगत समितिहरुलाई उनिहरुको काम, कर्तव्य र जिम्मेवारी बारे प्रशिक्षण | जिम्मेवारी प्रष्ट हुँने | जिम्मेवारी निर्वाह हुँने । | प्रशासन शाखा | | | | १५० | | | १५० | |
| जनप्रनिधिहरुलाइ दिगो विकासका लक्ष्यहरुको स्थानियकरण सम्वन्धि तालीम | जिम्मेवारी प्रष्ट हुने | जिम्मेवारी निर्वाह हुने | प्रशासन शाखा | | | | १५० | | | | १५० |
| **जम्मा समिति, उपसमितिहरूका लागि रु. १८,५०,०००/- (जम्मा अठार लाख पचास हजार मात्र )** | | | | | | | **८५०** | **५५०** | **४५०** | **७००** | **११५०** |
| **३. कर्मचारीहरूका लागि** | | | | | | | | | | | |
| क्षेत्रगत आवधिक योजना कार्यान्वयन रणनीतिको बारेमा | जिम्मेवारी प्रष्ट हुने | जिम्मेवारी निर्वाह हुने | प्रशासन शाखा | | | | १५० | १५० | | ३०० | |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाई | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | जम्मा बजेट (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | आन्तरिक | बाह्य |
| छलफल तथा अन्तरक्रिया कार्यक्रम | | | | | | | | | | | |
| बालअधिकार, बालसंरक्षण, लैससास सम्बन्धि तालिम | जिम्मेवारी प्रष्ट हुने | जिम्मेवारी निर्वाह हुने | प्रशासन शाखा | | | | १५० | १५० | १५० | १५० | ३०० |
| दिगो विकासका लक्ष्यहरुको स्थानियकरण सम्वन्धि तालीम | ज्ञानसिपको अभिवृद्धि हुने | गुणस्तरमा वृद्धि हुने | | | | | १०० | १०० | १५० | १०० | २५० |
| बोलपत्र अहावन, सार्वजनिक खरिद नियमावली बारे क्षमता अभिवृद्धी तालिम | ज्ञानसिपको अभिवृद्धि हुने | गुणस्तरमा वृद्धि हुन | प्राविधिक शाखा | | | | १५० | | १५० | १०० | २०० |
| स्थानीय शासनसम्बन्धी नीतिनियम, सार्वजनिक प्रशासन बारे वडा सचिवहरुलाई प्रशिक्षण | ज्ञानसिपको अभिवृद्धि हुने | गुणस्तरमा वृद्धि हुन | प्रशासन | | | | १५० | | १५० | १०० | २०० |
| नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे योजना शाखा, प्रविधिक शाखाका कर्मचारी र वडा सचिवहरुलाई तालिम | ज्ञानसिपको अभिवृद्धि हुने | गुणस्तरमा वृद्धि हुन | प्रशासन शाखा, योजना शाखा पूर्वाधार विकास शाखा | | | | १०० | १५० | १५० | १०० | ३०० |
| लैंगिक समानता र सामाजिक समावेशीकरण बारे पालिकाका | ज्ञानसिपको अभिवृद्धि हुने | गुणस्तरमा वृद्धि हुन | प्रशासन | | | | ५० | ५० | ५० | ५० | १०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाई | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | जम्मा बजेट (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | आन्तरिक | बाह्य |
| कर्मचारी र वडा सचिवहरु लाई अभिमुखिकरण | | | | | | | | | | | |
| सार्वजनिक खरीद व्यवस्थापन बारे अभिमुखिकरण | | | प्र.प्र.अ., प्रशासन प्रमुखको सहयोगमा | | | | ५० | ५० | ५० | ५० | १०० |
| सूचना प्रविधि, अभिलेख व्यवस्थापन तथा ज्ञान व्यवस्थापन बारे नगरपालिकाका, विषयगत शाखाका कर्मचारी र वडा कार्यालयका कर्मचारी लाई प्रशिक्षण | | | प्रशासन | | | | ५० | ५० | ५० | १५० | |
| सन्दर्भ स्रोत तथा अभिलेखहरु र सुचना प्रविधिको आवश्यकता र प्रयोग सम्बन्धमा अभिमुखिकरण | | | प्रशासन शाखा | | | | १५० | | | | १५० |
| सेवाकालिन तथा प्रवेश तालिम | | | प्रशासन | | | | | | | | |
| सबै कर्मचारी लाई आधारभूत जिम्मेवारीको आधारमा पुनरताजगी तालिम | क्षमता अभिवृद्धि हुने | सेवा प्रभावकारी बनाउन | प्रशासन शाखा | | | | १०० | १०० | १०० | | ३०० |
| **जम्मा कर्मचारीहरूका लागि रु. ३०,००,०००/- (जम्मा तीस लाख मात्र )** | | | | | | | १२०० | ८०० | १००० | ११०० | १९०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाई | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | जम्मा बजेट (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | आन्तरिक | बाह्य |
| **४. सेवाग्राही लक्षित क्षमता विकास** | | | | | | | | | | | |
| महिला स्वयंसेविकाहरुलाई पोषण सुधार बारे पुनरताजगि तालिम | पोषणसुधार सम्बन्धी ज्ञान प्राप्त हुने | क्षमता अभिवृद्धि हुने | वडा कार्यालय स्वास्थ्य शाखा | | | | २०० | २०० | २०० | २०० | ४०० |
| अग्नी नियन्त्रकहरूलाई तालिम | आधुनिक प्रविधिको ज्ञान प्राप्त हुने | आपतकालीन सेवा प्रवाहमा प्रभावकारिता | अपरेटर | | | | ७५ | ७५ | ७५ | ५० | १७५ |
| सक्सन मेसिन अपरेटरलाइ तालिम | आधुनिक प्रविधिको ज्ञान प्राप्त हुने | सेवा प्रवाहमा प्रभावकारिता | अपरेटर | | | | ७५ | | | ७५ | |
| **जम्मा सेवाग्राही लक्षित क्षमता विकासका लागि रु. ९,००,०००/- (जम्मा नौ लाख मात्र )** | | | | | | | **३५०** | **२७५** | **२७५** | **३२५** | **५७५** |
| **५. साझेदारहरुको क्षमता विकास** | | | | | | | | | | | |
| विद्यालयका शिक्षकहरुलाई बालमैत्री पूर्वाधारको आवश्यकता र उपयोगिता बारे अनुशिक्षण | नयाँ बालमैत्री सिकाईका पद्धतिहरूको विकास हुने | बालशिक्षण पद्धतिमा सुधार हुने | वडा कार्यालय शिक्षा शाखा | | | | २५० | | २५० | २०० | ३०० |
| स्वास्थ्यचौकीका कर्मचारीलाई स्वास्थ्य सेवाको डिजिटल विधिबाट एकिकृत अभिलेख व्यवथापन तालिम | अभिलेख व्यवस्थापन सम्बन्धी ज्ञान | अभिलेख व्यवस्थापन प्रभावकारी हुने | स्वास्थ्य शाखा | | | | २०० | २०० | | १०० | ३०० |
| स्थानीय सहकारीहरु लाई कृषि उद्यमबारे प्रशिक्षण | कृषिलाई आधुनिकीकरण बनाउने | सहकारीहरूको सक्रियता र सेवाप्रवाहमा प्रभावकारिता आउने | वडा कार्यालय | | | | २५० | | २५० | | ५०० |

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाई | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट (रु हजारमा) | | | जम्मा बजेट (रु हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | आन्तरिक | बाह्य |
| निजिक्षेत्र तथा विकास साझेदार,स्थानिय गैसस संग समन्वय र क्षमता वृद्धि | निजीक्षेत्र र विकासका अन्य साझेदारहरूसँगको समन्वय गर्ने क्षमताको विकास हुने | सेवाप्रवाह परिणाममुखी हुने | वडा कार्यालय | | | | ५० | ५० | ५० | | १५० |
| करदाता शिक्षा कार्यक्रम | करको महत्व र करको दायरा सम्बन्धी ज्ञान प्राप्त हुने | राजश्व संकलनमा वृद्धि हुने र करको दायरा विस्तार हुने | आधुनिक प्रविधिको ज्ञान प्राप्त हुने | | | | १०० | १५० | १५० | १०० | ३०० |
| **जम्मा साझेदारहरुको क्षमता विकासका लागि रु. १९,५०,०००/- (जम्मा उन्नाइस लाख पचास हजार मात्र )** | | | | | | | **८५०** | **४००** | **७००** | **४००** | **१५५०** |
| **कूल जम्मा मानव संसाधन विकासका लागि रु. १,१९,०००/- (जम्मा एक करोड उन्नाइस लाख मात्र )** | | | | | | | | | | | |

### ३.२.२.४. मानव संशाधन क्षमता विकास योजनाको वजेट सारांश

मानव संशासन क्षमता विकासका लागि प्रस्तावित वजेट निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका १०: योजनाका लागी तीन वर्षको वजेट**

| सि.नं | मानव संशाधन विकासका क्षेत्र | जम्मा लागत रु | लागत व्यहोर्ने स्रोत (रु) | |
|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य |
| १ | निर्वाचित पदाधिकारीहरूका लागि | ४२,००,००० | ९,५०,००० | ३२,५०,००० |
| २ | समिति, उपसमितिहरूका लागि | १८,५०,००० | ७,००,००० | ११,५०,००० |
| ३ | कर्मचारीहरूका लागि | ३०,००,००० | ११,००,००० | १९,००,००० |
| ४ | सेवाग्राही लक्षित क्षमता विकास | ९,००,००० | ३,२५,००० | ५,७५,००० |
| ५ | साझेदारहरुको क्षमता विकास | १९,५०,००० | ४,००,००० | १५,५०,००० |
| **जम्मा** | | **१,१९,००,०००** | **३४,७५,०००** | **८४,२५,०००** |

# परिच्छेद चार : क्षमता विकास योजना कार्यान्वयन रणनीति तथा प्रथम वर्ष (आ.व. २०७९र०८०) को योजना कार्यान्वयन तालिका

## ४.१ पृष्ठभूमि

नेपालका सबै स्थानीय तहहरू नगरिकका घरदैलोका सरकार हुन् र यिनलाई नेपालको संविधानले प्रशस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । तर नगरिकको जीवनस्तर सुधारका लागि यी अधिकारहरू उपयोग गर्न सबै स्थानीय तहहरू संस्थागत रूपमा सवल, संरचनागत रूपमा व्यापक र मानव संसाधनका रूपमा पर्याप्त र ज्ञान, सीप र क्षमता युक्त हुन् जरुरी छ । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन भन्ने कुरा स्थानीय सरकारको भौतिक सुसम्पन्नता, एवम् मानव संशाधान क्षमता (विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू तथा कर्मचारीहरु) को ज्ञान, सीप र क्षमतामा भर पर्दछ । तसर्थ यो क्षमता विकास योजना कार्यान्वयत गर्न केहि निश्चित रणनीति अवलम्बन गरिनेछ जो तल दिईएको छ ।

## ४.२ उद्देश्यहरू

नगरपालिकाले प्रदान गर्ने सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सीप, क्षमता र कार्य वातावरणमा सुधार ल्याउनु यस योजनाको प्रमुख उद्देश्य हो साथै यस योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. नगरपालिकाको परिवर्तित भूमिका निर्वाहका लागि सङ्गठनात्मक तथा संस्थागत क्षमतामा सुधार ल्याउने
२. नगरपालिकाको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याउने
३. नगरपालिकाले योजना तर्जुमा, समन्वय, कार्यान्वय र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइ योजना व्यवस्थापन क्षमतामा सुधार ल्याउने
४. नगरपालिकाको कार्य सम्पादन प्रकृयामा सुधार ल्याई स्पष्ट तथा छिटो छरितो बनाउने
५. नगरपालिकाको आन्तरिक आयमा बृद्धिमा सहयोग गर्ने
६. कार्य सम्पादनमा सुधार ल्याउनको लागि आवश्यक भौतिक सुविधा, कार्यालय सुरक्षा, सरसफाइ तथा सूचना प्रविधिको उपलब्धतामा अभिबृद्धि गर्ने

## ४.३ कार्य क्षेत्र

स्थानीय तहको क्षमता विकासको कार्यक्षेत्रलाई तल प्रस्तत् गरिएको छ :

**क. संस्थागत क्षमता विकास**

- भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित
- नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित
- मानव संशाधन प्राप्तिसँग सम्बन्धित
- तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित

**ख. मानव संसाधन क्षमता विकास (तालिम, गोष्ठि, सेमिनार, अवलोकन भ्रमण, अन्तरकृया आदि)**

- निर्वाचित पदाधिकारीहरूका लागि
- समिति, उपसमितिहरूका लागि
- कर्मचारीहरूका लागि
- सेवाग्राही लक्षित क्षमता विकास
- साझेदारहरूको क्षमता विकास

यी माथिका दुवै क्षेत्रका कार्यहरू सम्पादन गर्न तल उल्लेखित चार चरणका कार्यहरू गरिने छः

**चरण १: योजना स्वीकृती र बजेट सुनिश्चितता**

क. क्षमता विकास योजना कार्यपालिका मार्फत् नगरसभाबाट पारित गराउने ।
ख. योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने ।
ग. बाहिरी स्रोत पहिचान गर्ने र त्यसलाई सुनिश्चित गर्ने

**चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचन, लागत र कार्य संझौता**

क. क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरूबीच समन्वय गर्ने ।
ख. मानव संसाधनको ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान ।
ग. संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरूका लागि आवश्यक पर्ने लागत तयारी
घ. संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्थासँग कार्य सम्झौता

**चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण**

क. आवश्यक मानव संसाधन व्यवस्थापनको लागि नीति नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरा गर्ने ।
ख. संस्थगत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा आवश्यक स्थान तथा सामाग्री व्यवस्थापन ।
ग. तालिम, गोष्ठि, अभिमखिकरण, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा सहजिकरण ।
घ. संस्थागत संरचनामा सुधारका कार्यहरू सम्पन्न गर्ने ।

**चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक**

क. क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समिक्षा गर्ने ।
ख. क्षमता विकास योजनालाई वार्षिक रूपमा अध्यावधिक गर्ने गराउने
ग. क्षमता विकास बाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएको सुधार बारे अध्ययन गराउने ।

## ४.४ क्षमता विकास योजना कार्यान्वयन रणनीति

नगरपालिकाले संस्थागत तथा मानव संशाधन क्षमता विकासका लागि स्थानीय स्तरमा आवश्यकता महसुस गरिएका कार्यहरूलाई मागमा आधारित र स्थानीय स्तरमा जानकारी नभएको वा महसुस नगरिएको तर विकासका लागि आवश्यक तथा नवीनतम प्रविधि वा अवधारणालाई सम्बोधन गर्न आपूर्तिमा आधारित क्षमता विकास रणनीति तयार गर्नु पर्दछ, जुन निम्नानुसार रहेका छन् :

### ४.४.१ मागमा आधारित क्षमता विकास रणनीति:

- यो योजना पालिकाको जनप्रतिनिधि र कर्मचारीहरूको सहभागितामा तयार भएको हुदा यसको स्वामित्व पालिकाले ग्रहण गर्नेछ ।
- नगरपालिकाको संस्थागत अवस्था तथा मानव संशाधन विकास आवश्यकतालाई ध्यानमा राखी क्षमता विकास कार्यक्रमका प्राथमिकता निर्धारण तथा सञ्चालन गरिने छ ।
- संघीय मन्त्रालय, प्रदेश सरकार तथा विकास साझेदारहरूसँग साझेदारी र सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- क्षमता विकास क्रियाकलापको गुणस्तरको सुनिश्चितता गरिने छ ।
- संस्थागत दिगोपनका लागि अनुगमन र सुपरिवेक्षण गर्ने प्रणालिको विकास गरिने छ ।
- क्षमता विकास योजनालाइ नतिजामुखी सेवा प्रवाह तथा कार्यसम्पादनसँग आवद्धता गरिने छ ।
- यो योजना कार्यन्वयनका लागि आवश्यक परे छुट्टै कार्यविधि बनाईने छ ।

### ४.४.२ आपूर्तिमा आधारित क्षमता विकास रणनीति

- उपभोक्ता समिति, सामुदायिक संस्था, नागरिक समाज, तथा निजी सेवा प्रदायकहरूको क्षमता विकास आवश्यकता पहिचान गरी क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्दा महिला, दलित, मधेशी, आदिवासी, जनजाति, सीमान्तकृत लगायत पछाडि परेका वर्ग र समुदायलाई समेत लक्षियत गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणलाई प्रवर्द्धन गर्ने खालका क्रियाकलापहरूलाई प्राथमिकता,
- क्षमता विकास योजना निर्माण र कार्यान्वयन गर्दा प्रदेश सुशासन केन्द्र, पिएलजिएसपि, प्रदेश र सङ्घीय सरकारहरूसँग समन्वय गरी दोहोरोपन हुन दिइने छैन् ।
- नवीनतम अवधारणा तथा सूचना प्रविधिहरूको उपयोगलाई प्रोत्साहन गरिने छ ।
- विकास प्रशासन तथा सेवा प्रवाहमा आएका नवीनतम अवधारणा, सोच, प्रविधि, नयाँ नीति नियम जस्ता पक्षमा क्षमता विकास गर्न सङ्घीय मन्त्रालय, सङ्घीय मन्त्रालयद्वारा संचालित कार्यक्रम, आयोग,

विभाग तथा अन्य विशिष्ट प्रकृतिका क्षमता विकासका क्षेत्रमा क्रियाशील निकायबाट सञ्चालन गरिने कार्यक्रमहरूमा सहभागिता जनाइने छ ।

## ४.५ कार्यान्वयन तालिका प्रथम वर्ष (आ.व. २०७९/०८०)

## तालिका ११: पहिलो वर्षको कार्ययोजना (२०७९र०८०)

| कार्यान्वयन चरण | योजना कार्यान्वयन गतिबिधि | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | मूल जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **चरण १: योजना स्वीकृती र बजेट सुनिश्चितता** | | | | | | |
| १.१ | क्षमता विकास योजना कार्यपालिका मार्फत् नगरसभाबाट पारित गराउने | | | | | क्षमता विकास समन्वय समिती र प्रमुख प्रशासकिय अधिकृत |
| १.२ | योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने । | | | | | क्षमता विकास समन्वय समिती र प्रमुख प्रशासकिय अधिकृत |
| १.३ | बाहिरी स्रोत पहिचान गर्ने र त्यसलाई सुनिश्चित गर्ने | | | | | क्षमता विकास समन्वय समिती र प्रमुख प्रशासकिय अधिकृत |
| **चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचन, लागत र कार्य संभौता** | | | | | | |
| २.१ | क्षमता विकास सम्वन्धमा विभिन्न सहयोगी निकायहरूबीच समन्वय गर्ने । | | | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.२ | मानव संसाधनको ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान । | | | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.३ | संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरूका लागि आवश्यक पर्ने लागत तयारी | | | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |
| २.४ | संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्था सँग कार्य संझौता | | | | | क्षमता विकास समन्वय समिती र प्रशासन प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण** | | | | | | |
| ३.१ | थप मानव संसाधन व्यवस्थापनको लागि नीति नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरा गर्ने । | | | | | प्रमुख प्रशासकिय अधिकृत |
| ३.२ | संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा अवश्यक स्थान तथा सामाग्री व्यवस्थापन । | | | | | प्रमुख प्रशासकिय अधिकृत र प्रशासन प्रमुख । |
| ३.३ | तालिम, गोष्ठि, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा सहजिकरण । | | | | | प्रशासन प्रमुख । |
| ३.४ | संस्थागत संरचनामा सुधारका कार्यहरू सम्पन्न गर्ने । | | | | | प्रशासन प्रमुख । |
| **चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक** | | | | | | |
| ४.१ | क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समीक्षा गर्ने । | | | | | क्षमता विकास समन्वय समिति |
| ४.२ | क्षमता विकास योजनालाई वार्षिक रूपमा अध्यावधिक गर्ने गराउने | | | | | क्षमता विकास समन्वय समिति |
| ४.३ | क्षमता विकास बाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएको सुधार बारे अध्ययन गराउँने । | | | | | क्षमता विकास समन्वय समिति |

# परिच्छेद पाँचः कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

## ५.१ कार्यक्रम व्यवस्थापन

नगरपालिकाको क्षमता विकास योजना कार्यान्वयनको मूल जिम्मेवारी नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वयमा क्षमता विकास समन्वय समितिमा रहने छ ।

### क्षमता विकास समन्वय समितिको जिम्मेवारीः

- क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- क्षमता विकास योजनालाई वार्षिक रूपमा अध्यावधिक गर्ने गराउने,
- क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने,
- समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समिक्षा गर्ने,
- क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरूबीच समन्वय गर्ने,
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने,

क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

## ५.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन

स्थानीय तह संचालन ऐन २०७४ को परिधी भित्र रही क्षमता विकास योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरिनेछ । यो क्षमता विकास योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य तथा आयोजनाबाट हुनु पर्ने विकास प्रयास र सेवा प्रवाहमा भएको परिवर्तन कुन हद सम्म भयो वा भएन तथा अपक्षित नतिजा प्राप्त भए नभएको बारे निम्न अनुसार अनुगमन तथा मूल्याँकन गरिनेछ ।

### ५.२.१ नियमित अनुगमन

क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयामा नियमित अनुगमन तथा मूल्यांकनको महत्वपूण भूमिका रहन्छ । कार्यान्वयन चरणमा योजनाका गतिविधिहरूको लागत, परिमाण,

समय सीमा तथा गुणस्तर लगायत कायान्वयन चरणमा आई परेका समस्या तथा संभावित विकल्पहरू समेतको पहिचान गरी नगर कार्यपालिका लाई पृष्ठपोषण दिन यो अनुगमन गरिनेछ ।

योजना कार्यान्वयनको अनुगमन तथा सुपरिवेक्षण निम्न अनुसार गरिनेछ,

- यो अनुगमनको जिम्मेवारी नगरपालिकाको मौजुदा अनुगमन तथा सुपरिवेक्षण समितिले क्षमता विकास योजना समन्वय समितिको सहकार्यमा गर्ने छ ।
- योजनाको प्रत्येक वर्षको कायक्रम स्वीकृत भएपछि कार्यान्वयनका लागि सम्बन्धित शाखाहरू बाट कार्यपालिकामा पेश भएको एकिकृित कार्य योजनाका आधारमा अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्ने छ ।
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमन प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिका बैठकमा पेश गरी छलफल गरिनेछ ।
- यसरी कार्यपालिकामा पेश भएर छलफल गर्दा योजना कार्यान्वयनमा त्रुटिहरू सच्याउँन तथा समय व्यवस्थापन र गुणस्तर काया राख्न सम्बन्धित पक्षहरूलाई आवश्य निर्देशन दिईनेछ र यो मान्नु सबैको कर्तव्य हुँनेछ ।
- यस योजनाको नियमित अनुगमन कार्यको मुख्य जिम्मेवारी अनुगमन तथा सुपरीवेक्षण समिति समितिको हुने छ ।
- यस योजनामा नगरपालिका तथा वडा दुबै स्तरका कर्मचारीहरूको क्षमता विकासका लागि कार्यक्रमहरू समावेश गरिएको हुदा क्षमता विकास कार्ययोजना कार्यान्वयन तथा उपलव्ध बजेटको खर्चबारे सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम र प्रादेशिक सुशासन केन्द्रबाट पनि अनुगमन गर्न सकिनेछ । वडास्तरको कार्यक्रमको अनुगमनको हकमा नगरपालिका, सामाजिक विकास शाखाको प्रमुखको भूमिका रहने छ ।

### ५.२.२ मध्यावधिक समीक्षा

यो क्षमता विकास योजनाले लिएको गति तथा समग्र कार्यान्वयनको अवस्थाको समिक्षा नगरपालिकाले आन्तरिक तरिकाले योजना सुरु भएको दोस्रो वर्षको अन्त्यमा क्षमता विकास योजना समन्वय समिति समेतको सहभागितामा संयुक्त कार्यदल बाट गराईने छ । यो समिक्षाबाट ३ वर्षमा सम्पन्न गर्नु पर्ने कार्यहरूको गति मापन गरी आवश्यक परे क्षमता विकास योजनाको लक्ष्यहरूको समिक्षा गरी थप वा घट गरी योजनाको नयाँ प्रारूप पनि तयार गर्न सकिनेछ ।

### ५.२.३ आयोजना कार्यन्वयन समाप्ति पछिको मूल्याङ्कन

यो ३ वर्षे क्षमता विकास योजनाले तय गरेका लक्ष्यहरू, स्रोत साधनको उपयोग, त्यसको तात्पर्यता, प्रभावकारिता, पारदर्शिता, योजनको कार्यन्वयनबाट निक्लिएका नतिजाहरू तथा तिनिहरूको दिगोपनाको बारेमा यो योजनाको कार्य समाप्ती लगत्तै तेस्रो पक्षबाट मूल्याङ्कन गराईनेछ र यसका सिकाईहरूलाई आगामी योजनाहरूमा कार्यान्वयनमा ल्याईनेछ ।

## ५.३ कार्यान्वयनका सिद्धान्तहरू

### ५.३.१ बिभेद शून्य

संस्था भित्र वा संस्था बाहिरका सरोकारवालाहरू र समुदाय स्तरका सेवा समुदाय स्तर बाटै भन्ने मान्यता अनुसार मानव संसाधनको क्षमता विकास गर्दा नेर्तत्व, सानो वा ठूलो कर्मचारी वा समुदाय सदश्यमा कुनै भेदभाव गरिने छैन ।

### ५.३.२ पारदर्शिता

यो योजना कार्यान्वयन पूर्ण पारदर्शी ढङ्गबाट सञ्चालन हुने छ र हाम्रा गराई, प्रकृया र खर्चहरू सार्वजनिक सुनुवाई तथा चासो राख्नेलाई सूचना दिएर पूर्ण पारदर्शी बनाईने छ ।

### ५.३.३ समन्वय र सहकार्य

यो योजना कार्यान्वयन गर्दा विभिन्न सरोकारवालाहरू, सेवा प्रदायक तथा स्रोत दाताहरूसँगको सहकार्यमा कार्यान्वयन गरिने छ ।

### ५.३.४ योगदानमा आधारित कार्यक्रम

यो क्षमता विकास योजनालाई केवल बाह्य स्रोतमा निर्भर नबनाई स्थानीय तहको योगदानलाई पनि सँगसँगै लगिने छ ।

## ५.४ प्रभाव मूल्याङ्कन

योजनाको समयावधि समाप्ति पछि यसको प्रभावकारीता स्वतन्त्र एवम् तटस्थ निकाय तथा बिज्ञहरूबाट प्रभाव मूल्याङ्कन गरी स्थानीय तह र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवेदन पेश गर्ने छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमले समेत क्षमता बिकास योजनाको समीक्षा गरी यसको प्रभावकारीताको अध्ययन तथा बिश्लेषण गर्ने छ ।

## ५.५ निष्कर्ष

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४, नगर कार्यपालिकाको कार्यविभाजन नियमावली र नेपाल सरकारले विभिन्न समयमा तर्जुमा गरेको नीति, निर्देशिका र मार्गदर्शनका आधारमा नगरपालिकाले आफ्नो कार्यालय, वडा, सरोकारवाला, सेवाग्राही, सेवा प्रदायक संस्थाहरुको क्षमता विकास गरी जनताका विकास निर्माणका आवश्यकता पूरा गर्न एवम् सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउन सकिने विश्वास लिएको छ । विगतका अनुभव, विद्यमान क्षमता र आवश्यकता एवम् कार्य सम्पादन मूल्याङ्कनका आधारमा लक्षित वर्ग एवम् आम नगरपालिकाबासीलाई स्थानीय तहले प्रदान गर्नुपर्ने सेवा सुविधा सहज रुपमा प्रदान गर्न नगरपालिका लगायत आफ्नो क्षेत्रका सबै सेवाप्रदायक र सेवाग्राहीको समेत क्षमता अभिवृद्धि गर्ने उद्देश्यबाट यो त्रीवर्षीय क्षमता विकास योजना २०७९ निर्देशित छ । नगरपालिकाका प्रमुख, प्रशासकीय अधिकृत लगायतका कर्मचारी, वडा सचिव र नगरपालिकामा कार्यरत कर्मचारी समेतको सामुहिक छलफल एवं अन्तरक्रियाबाट प्राप्त सुझावहरुलाई समेत समेटी यस नगरपालिकाको त्रीवर्षीय क्षमता विकास योजना (२०७९/८०-२०८१/८२) तयार गरिएको छ । योजना कार्यान्वयन तीन वर्षको लागि कूल रु. ४,२२,५०,०००।- बजेट समेत प्रस्ताव गरिएको छ । कूल अनुमानित वजेटमा ३४.९७ % बजेट नगरपालिकाले आफ्नो श्रोतबाट र नपूग रकम वाह्य श्रोतबाट जुटाउने गरि प्रस्ताव गरिएको छ । नगरपालिकाको सूचना प्रविधि शाखालाई सूचनाको मूख्य केन्द्रविन्दु बनाउन, एवम् अन्तर वडा, संस्था र निकाय बिच स्पष्ट मापदण्ड बनाई रचनात्मक प्रतिस्पर्धाबाट राम्रो काम गर्ने वडा, संस्था, उपभोक्ता समिती र कर्मचारीलाई पूरस्कार र सम्मान गर्न सिफारिसको व्यवस्था समेत क्षमता विकास योजनाले गरेको छ । पाँच वर्षमा सम्पन्न गर्ने गरी तयार पारिएको मागमा आधारित यस क्षमता विकास योजनाको पूर्ण कार्यान्वयनमा नगरपालिकाका वडाहरू कटिबद्ध भई लाग्ने अपेक्षा गरिएको छ

## ५.६ सुझावहरू

- नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई कार्य विवरण उपलब्ध गराउने, कार्य विवरणमा उल्लेख भएका विषयमा प्रमुख प्रशासकीय अधिकृत,सम्बन्धित शाखाका अन्य कर्मचारी र प्रशासन शाखा प्रमुख बीच अन्तरक्रिया गर्ने र सो कार्य विवरणको आधारमा कार्य सम्पादन मूल्याङ्कन गर्ने,
- कर्मचारीहरूको नियमित बस्ने मासिक बैठकमा क्षमता विकास योजना कार्यान्वयनको अवस्था बारेमा छलफल गर्ने,
- गुनासो अभिलेखीकरण तथा व्यवस्थापन गर्दा आई परेका समस्या र यसको समाधानका लागि क्षमताको कुन तहमा के अप्ठ्यारो पर्‍यो भनी चौमासिक रूपमा समीक्षा गर्ने,

- नगरपालिका तथा वडाहरू,विकास साझेदार, गैसस बिचको संचार संजाल तथा तालिमका लागि दातृ निकाय तथा सङ्घीय र प्रदेश सरकारलाई अनुरोध गर्ने,
- स्थानीय तहका जनप्रतिनिधीहरु, कार्यपालिकाका सदस्यहरु तथा सम्पूर्ण कर्मचारीहरुको संयुक्त प्रयासमा क्षमता विकास योजना कार्यान्वयन गरिने छ  र यसको लागि आवश्यक पर्ने साधन र स्रोतको व्यवस्थापन पनि संयुक्त प्रयासबाट गरिने छ ।

# सन्दर्भ सामाग्रीहरु


1. नेपालको संविधान २०७२
2. स्थानीय तहहरुको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६
3. स्थानीय सरकार संचालन ऐन २०७४
4. स्थानीय तह संचालन कार्यविधि २०७६
5. दशरथचन्द नगरपालिकाको नगर बस्तुगत विवरण २०७४
6. राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग
7. नगरपालिकाको आधिकारिक वेवसाइट
8. नगरपालिकाको विगत ३ वर्षको नीति, कार्यक्रम तथा बजेट
9. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन
10. नगरपालिकाको कर्मचारी दरबंदी तथा पदपूर्तिको अवस्था
11. नगरपालिकाको भवन, मेसिन, उपकरण तथा भौतिक स्रोत साधनहरू
12. नगरपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधिहरू
13. नगरपालिकाको प्रगति प्रतिवेदनहरू
14. नगरपालिकामा सूचना प्रविधिको उपयोगको अवस्था
15. नगरपालिकाका कार्यालय तथा वडा कार्यालयहरूको अवस्था
16. सभा तथा कार्यपालिका संचालन व्यवस्था
17. नेपाल सरकारको नीति कार्यक्रम तथा बजेट
18. प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेटहरू
19. विषयक्षेत्रगत नीति, कानून तथा नमूना कानूनहरू
20. विभिन्न परियोजनाहरूबाट सञ्चालित योजना तथा कार्यक्रमहरू
21. संघ तथा प्रदेशबाट पारित गरिएका नयाँ अवधारणा तथा नीतिहरू आदि ।

# अनुसूचीहरु

**तालिका १:स्थानीय सरकारको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा संक्षिप्त विवरण (एकल तथा साझा आधिकार सँग सम्बन्धित)**

**अनुसुचि २**

**१. आर्थिक विकासः** कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र ( संघीय ऐनको थप व्यवस्थाः घरेलु तथा साना उद्योग समेत) ।
**२. सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण।
**३. भौतिक पूर्वाधारः** सडक तथा पुल, झोलुङ्गे पुल, सिँचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा, सञ्चार ।
**४. वन, वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप ।
**५.** नियन्त्रण, विपद् व्यवस्थापन ।

| क्षमता विकासका क्षेत्र | महाशाखा/शाखा/इकाइको भूमिका (हुने/नहुने) | के कुरामा कमी भएर कार्यसम्पादनलाई प्रभाव पारेको छ ? विस्तृत विवरण लेख्ने ।<br>१. भौतिक स्रोत साधन,<br>२. ऐन, नियम, विधि र प्रणाली,<br>३. जनशक्ति व्यवस्था,<br>४. ज्ञान, सीप, दक्षता)<br>५. अन्य | क्षमता विकासका लागि चाल्नु पर्ने उपायहरू |
|---|---|---|---|
| **(क) विकास व्यवस्थापन** | | | |
| विषय क्षेत्रगत विकास आवधिक/ गुरू योजना तथा नीति नियमहरू | १. योजना शाखा | • विषय क्षेत्रगत विकास आवधिक योजना तथा नीति नियमहरू तयार नभएको | • विषयगत आवधिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने |
| समावेशी विकास नीति (लैंङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, | १. महिला तथा बालबालिका शाखा | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति भएको,<br>• शाखा व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि नभएको, | • बालअधिकार, बाल संरक्षण, लैङ्गिक समानाता तथा सामाजिक समावेशीकरण, सम्बन्धि क्षमता विकास गर्न पर्ने, |

| | | | |
|---|---|---|---|
| गरीबमुखी विकास) | | • गरिबी निवारण सम्बन्धी नीति नभएको,<br>• लैङ्गिक सिमान्तकृत वर्गको लागि बजेट विनियोजन हुन सकेको | • लैंङ्गिक, सीमान्तीकृत वर्गको लागि बजेट विनियोजन,<br>• गरिवी निवारण सम्बन्धी नीति बनाउनु पर्ने,<br>• शाखा व्यवस्थापना सम्बन्धि क्षमता अभिवृद्धी गर्ने |
| वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | १. योजना शाखा<br>२. वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | • वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीति तयार भएको,<br>• उत्पादनशील समुदायका निर्माणका रणनीति नभएको | • उत्पादनशील समुदायका निर्माणको रणनीति बनाउनु पर्ने,<br>• प्राकृतिक स्रोत र साधनको खोजी गरी त्यसको सूची तयार गरी स्रोत नक्साङ्कन (Resource Mapping) गर्नुपर्ने, |
| वार्षिक योजना तर्जुमा | १. प्रशासन शाखा<br>२. योजना शाखा<br>३. प्राविधिक शाखा<br>४. वडा कार्यालय | • योजना चक्रमा जनसहभागितालाई महत्व दिइने गरेको,<br>• योजनाको प्रकृतिका आधारमा उपभोक्ता मार्फत र ठेक्का मार्फत योजना सञ्चालनमा जोड दिइने गरिएको | • आन्तरिक वित्तीय नियन्त्रण कार्यविधि र जवाफदेहिता सम्बन्धि कार्यविधि बनाउनु पर्ने<br>• योजना तर्जुमाका हरेक चरणहरूमा लाभग्राही वर्गको अर्थपूर्ण सहमति सुनिश्चित गर्ने |
| दिगो विकास लक्ष्यको स्थानीयकरण | १. योजना शाखा | • स्थानीय योजनाहरू दिगो विकासको लक्ष्य अनुसार बनाउन सकेको | • स्थानिय योजनाहरु दिगो विकासको लक्ष्य अनुसार योजना बनाउनु पर्ने,<br>• दिगो विकास लक्ष्यको बारेमा क्षमता अभिवृद्धी गर्नुपर्ने,<br>• आवधिक योजना तथा वार्षिक बजेटसंग दिगो विकासका सूचकहरू आवद्ध गराउने |
| वार्षिक योजना | १. योजना शाखा | • नीति तथा कार्यक्रम अनुसार कायर्नन्वयनमा रहेको | • सबै जनप्रतिनिधिहरु, |

| | | | |
|---|---|---|---|
| कार्यान्वयन | | तर अधिकाँश योजनाहरु आ.ब.को अन्त्यमा कार्यान्वयन गरिने गरिएका<br>● नगर सभाबाट पारित गरिएका योजना सबै कार्यान्वयन गर्न नसकिएको ७ चरणका आधारमा वार्षिक योजना तर्जुमा हुने गरेको | सरोकारवालाहरुलाई स्थानीय तहको योजना तर्जुमा सम्बन्धि ज्ञान तथा सीपको विकास गर्ने,<br>● गाँउ सभाबाट पारित गरिएका योजनालाई पहिलो चौमासिकबाट कार्यान्वयन गर्नुपर्ने,<br>● व्यापक छलफल सहभागिता सुनिश्चित, सिमान्तकृत र सबै समुदायको सहाभागिता सुनिश्चित गर्ने,<br>● कार्यान्वयन योजना बनाउने |
| मर्मत सम्भार व्यवस्थापन | १. योजना शाखा | ● मर्मत सम्भार व्यवस्थापन ग्राहयतामा नपर्ने र बजेटको व्यवस्था नभएका | ● मर्मत सम्भार व्यवस्थापनका लागि नीति बनाउनुपर्ने र आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने |
| अनुगमन तथा मूल्यांकन प्रणाली तथा प्रतिवेदन प्रणाली | १. योजना शाखा<br>२. प्राविधिक शाखा<br>३. अनुगमन तथा मूल्यांकन समिति | ● अनुगमन तथा मूल्यांकन निर्देशिका भएको,<br>● अनुगमन तथा मूल्याङ्कन प्रक्रिया औपचारिकताको लागि मात्रै गरिने गरिएको, | ● अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाइसकेको,<br>● पालिका तथा वडा स्तरिय अनुगमन तथा मूल्यांकन समितिलाई अनुगमन तथा मूल्यांकन सम्बन्धी क्षमता अभिवृद्धी तथा तालिम दिने गरेको<br>● नतिजामूलक अनुगमन तथा मूल्यांकन पद्दतिमा जोड दिनुपर्ने |
| **(ख) संस्थागत संगठनरसंरचना व्यवस्थापन** | | | |

| | | | |
|---|---|---|---|
| कर्मचारी संगठन र संरचना तथा कार्यविभाजन | १. प्रशासन शाखा | • नयाँ ऐन, नीति, नियम बारे कम जानकारी भएकोले गुणस्तरिय सेवा प्रवाह भएको,<br>• नयाँ ऐन, नीति, नियम बारे कर्मचारीको क्षमता अभिवृद्धि भएको,<br>• कर्मचारी संगठन, संरचना तथा कार्यविभाजन व्यवस्थित हुन सकेको, | • कर्मचारीलाई सेवा प्रवेश तालिम र सेवाकालिन तालिमको आवश्यकता,<br>• कर्मचारीहरूलाई नयाँ ऐन, नीति, नियम र कार्यविधिको बारेमा पुनर्ताजकी तालिम आवश्यक भएको<br>• कर्मचारीहरूमा सकारात्मक सोचको विकास, नैतिकता प्रवद्धन, विविधता व्यवस्थापन, आदि सम्बन्धमा तालिम अभिमुखिकरण गर्ने |
| आन्तरिक सञ्चार | १. प्रशासन शाखा<br>२. सूचना तथा प्रविधि शाखा | • आन्तरिक सञ्चारलाई दोहोरो सञ्चार प्रकृया अनुसार प्रभावकारी बनाउन सकिएका,<br>• नया प्रीविधिक तरिकाले सूचना सप्प्रेष्ण तथा व्यवस्थान गर्ने गरेको | • कर्मचारीहरूलाई सञ्चार सीप अभिवृद्धिको लागि क्षमता विकास गर्ने तथा तालिम दिने,<br>• प्राविधिक ज्ञान र आन्तरिक सञ्चारका लागि अभिमुखिकरण गर्नुपर्ने |
| कर्मचारीहरूको आचार संहिता | १. प्रशासन शाखा | • कर्मचारीहरूका लागि आचार संहिता नबनाएको, संघीय नियम, नीति, निर्देशिकाको आधारमा कार्यसम्पादन भईरहेको | • कर्मचारीहरूका लागि आचार संहिता बनाउनुपर्ने,<br>• आचारसंहिता कार्यान्वयनका लागि कर्मचारीहरूलाई सो सम्बन्धी अभिमुखिकरण गर्नुपर्ने |
| कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्यांकन | १. प्रशासन शाखा | • संघीय नीति अनुसार कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कन गर्ने गरिएको<br>• पालिका स्तरमा कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रणाली भएको | • कर्मचारीहरूलाइ निर्दिष्ट कार्यविवरण उपलब्ध गराउनुपर्ने,<br>• कायसम्पादन मूल्याङ्कन प्रणालीको विकास गरी सोही आधारमा कार्य सम्पादन मूल्याङ्ककन गर्ने |
| **(ग) वित्तीय व्यवस्थापन** | | | |

| | | | |
|---|---|---|---|
| बजेट र आम्दानी तथा खर्च प्रणाली | १. लेखा शाखा | • शूत्रको प्रयोग गरी बजेट र आम्दानी तथा ( लेखा) व्यवस्थापन गरिएको,<br>• सार्वजनिक खरिद ऐनको मातहतमा रहेर खर्च गर्ने गरेको,<br>• कार्यक्रम अनुसार लागत अनुमान नगरी बजेट विनियोजन हुँदा पारित योजनाहरू पूर्णरुपमा कार्यान्वयन हुन सक्दैनन्,<br>• पारित योजनाहरु आर्थिक वर्षको अन्त्यमा कार्यान्वयन गरिने गरेको | • योजना निर्माण, योजना तर्जुमा तथा विनियोजनका लागि जाप्रतिनिधिहरु, कर्मचारीहरु र सरोकारवालाहरुको क्षमता अधिवृद्धी गर्नुपर्न,<br>• नगरपालिकाको सार्वजनिक खरिद नियमावली निर्माण भएको,<br>• बजेट कार्यान्वयनका लागि वैकल्पिक संयन्त्र जस्तै PPP, उपभोक्ता र लाभग्राही संयन्त्र, NGO, सहकारी संस्थाहरूको उपयोग सम्बन्धी निर्देशिका तयार गर्ने |
| खरिद प्रणाली | १. लेखा शाखा | • खरिद प्रकृयामा सा. खरिद ऐन ६४ को पालना गरिएको | • खरिद गुरुयोजना/योजना निर्माण गर्नुपर्ने,<br>• खरिद इकाई गठन गर्नुपर्ने |
| सम्पत्ति व्यवस्थापन | १. लेखा शाखा | • जिन्सी व्यवस्थापन सफ्टवेयरका आधारमा सम्पत्ती व्यवस्थापन गर्ने गरिएको<br>• PAMS सफ्तवयरका आधारमा गर्ने गरिएको | • वैज्ञानिक खरिद योजना बनाएर मात्र खरिद कार्य सञ्चालन गर्नुपर्ने |
| आन्तरिक नियन्त्रण प्रणाली र लेखा परिक्षण | १. लेखा शाखा | • आलेप र मलेप हुने गरेको आन्तरिक नियन्त्रण प्रणाली लागु गरिएका | • आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गर्नुपर्ने |

| | | | |
|---|---|---|---|
| प्रतिवेदन प्रणाली | १. लेखा शाखा | • शूत्रमा आधारित रहेर प्रतिवेदन तयार गर्ने अभ्यास रहेको,<br>• प्रतिवेदन चौमासिक, वार्षिक रुपमा तयार गरी प्रदेश र संघमा तोकिएको समयमा पठाउने गरेको भएता पनि राजश्व संकलनको विवरण | • राजश्व संकलनको विवरण समयमा लेखा शाखामा उपलब्ध हुने पद्धती विकास गर्ने,<br>• मासिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने<br>• स्थनीय राजश्व व्यवस्थापन सूचना प्रणाली (LMIS) तयार गरी कार्यान्वयन गर्ने |
| **(घ) सूचना व्यवस्थापन** | | | |
| अभिलेख व्यवस्थापन | १. सूचना प्रविधि शाखा | • पुरानो अभिलेखहरु नया प्रविधिमा व्यवस्थापन गरेको,<br>• पालिकाका सबै सूचनाहरुलाई पालिकाको आधिकारिक वेभसाइट साथै सामाजिक सञ्जालका राख्ने गरेको | • आन्तरिक संचार निर्देशिका बनाउनुपर्ने,<br>• पालिकाका सबै सूचनाहरूलाई पालिकाको आधिकारिक वेभसाईटमा राख्नुपर्ने |
| सूचना प्रविधिको उपयोग | १. सूचना प्रविधि शाखा | • जनशक्तिको अभाव,<br>• नया प्रविधिमा आवश्यक तालिमको अभाव भएको,<br>• सर्वर कम्प्युटर व्यवस्थापन नभएको,<br>• वडाहरूको राजश्व संकलन पालिकाको सर्वरमा नेटवर्किङ्ग नभएको,<br>• वडाहरूमा रसिदबाट राजस्व बुझ्ने गरिएको | • आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नुपर्ने,<br>• प्रविधि प्रयोग सम्बन्धी कर्मचारी व्यवस्थापन, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• सर्वर कम्प्युटर व्यवस्थापनका लागि छुट्टै कोठा र विद्युतको व्यवस्था गर्नुपन,<br>• वडाको राजश्व संकलन पालिकाको सर्वरमा नेटवर्किंग गर्नका लागि पालिकाको सर्वर व्यवस्थान गर्ने र सर्वरमा नेटवार्किंग गर्ने |

| | | | |
|---|---|---|---|
| **(ङ) सुशासन** | | | |
| जनसहभागिता ( नितिगत तह र कार्यान्वयन तह) योजना चक्र, समावेशी, सरोकारवाला | १. प्रशासन शाखा<br>२. योजना शाखा<br>३. प्राविधिक शाखा<br>४. वडा | • योजना चक्रमा जनसहभागितालाई महत्व दिइने गरेको,<br>• योजनाको प्रकृतिका आधारमा उपभोक्ता मार्फत ठेक्का मार्फत योजना सञ्चालनमा जोड दिइने गरिएको | • आन्तरिक वित्तिय नियन्त्रण कार्यविधि र जवाफदेहिता सम्बन्त्री कार्यविधि बनाउनु पर्ने,<br>• उपभोक्ता समीतिहरूलाई जिम्मेवारी दिने सम्बन्धमा उपयुक्त मापदण्ड बनाउने |
| पारदर्शिता तथा सूचना प्रवाह | १. प्रशासन शाखा | • सार्वजनिक सुनुवाई हुने गरेको | • प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरेको,<br>• पालिकाका योजना, प्रगति तथा आर्थिक पक्षलाई नगरिक तथा सरोकारवालाको सहज पहुँच हुने व्यवस्था गर्ने |
| जवाफदेहिता र गुनासो व्यवस्थापन | १. प्रशासन शाखा | • बहिर्गमन मत, गुनासो संकलन, गुनासो दर्ता तथा व्यवस्थापन गर्ने अभ्यास रहेको | • जवाफदेहिता र गुनासो ब्यवस्थापनलाई प्रभावकारी बनाउने,<br>• गुनासो सुन्ने अधिकारी बनाउने,<br>• सेवा प्रवाह सम्बन्धी कार्यविधि बनाउनुपर्ने |
| **(च) समन्वय र सहकार्य** | | | |
| संघीय निकायहरू तथा प्रदेश सरकार | १. प्रप्रअ | • नगरपालिकाले संघीय निकायहरू तथा प्रदेश सरकारसँग समन्वय र सहकार्यमा जोड दिएको छ तर पनि साझा संयन्त्र बनाएर काम गर्ने अभ्यास रहेको | • नगरपालिकाले संघीय निकायहरू तथा प्रदेश सरकार सँग अन्तर स्थानिय तह, जिसस सँग समन्वय र सहकार्य अवस्थाका आधारमा साझा कार्यक्रमहरु पहिचान गरि साझा संयन्त्र बनाएर कार्यान्वयन गर्ने |
| सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | १. योजना शाखा | • सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू बीच आवश्यकताको आधारमा समन्वयको हुने गरेको | • आन्तरिक समन्वय तथा सहकार्य नीति तयार गरी लागू गर्नुपर्ने |

| | | | |
|---|---|---|---|
| गैसस तथा समुदायमा आधारित संस्थाहरू | १. प्रशासन शाखा योजना शाखा | • गैसस तथा टोल विकास संस्था परिचालन सम्बन्धी पालिकाको स्पष्ट नीति नभएको | • गैसस तथा टोल विकास संस्था परिचालन कार्यविधि तयार गरी कार्यान्वयन गर्ने |
| निजी क्षेत्र | १. प्रशासन शाखा<br>२. योजना शाखा | • नीजि क्षेत्रसँग सहकार्य र साझेदारी गर्ने अभ्यास रहेको<br>• सहकारी संग समन्वय | • सार्वजनिक नीजि (PPP) नीति तयार गरी साझेदारीका क्षेत्रहरू पहिचान गरी कार्यान्वयन गर्ने |
| अन्तर स्थानीय सरकार | १. प्रशासन शाखा<br>२. योजना शाखा | • अन्तर स्थानीय सरकार समन्वय र सहकार्य हुने नगरेको | • अन्तर स्थानीय सरकार समझेदारीका क्षेत्रहरु पहिचान गरी कार्यन्वयन गर्ने,<br>• प्रभावकारी कार्यान्वयनका लागि नियमित रुपमा अन्तर स्थानीय सरकार समन्वय बैठक गर्ने |
| अन्तर विभाग वा महाशाखा वा शाखा | | • अन्तर विभाग, महाशाखा वा शाखा समन्वय र सहकार्य कमैमात्र हुने गरेको | • कर्मचारी र जनशक्तिको क्षमता अभिवृद्धि आचारसंहिता पालना गराउनुपर्ने |

१.२: संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनः मानव संशाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रणालीको प्रयोग, लेखाङकन, राजस्व परिचालन, वित्तीय अनुशासन, लेखा परीक्षण, बेरुजु फछ्य्ौट, आन्तरिक नियन्त्रण (एकल तथा साझा आधिकार सँग सम्बन्धित)

संघीय ऐनको थप व्यवस्थाः भूमि व्यवस्थापन, वडा समितिहरूको कार्य, साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य, बजेट तर्जुमा प्रक्रिया, स्थानीय संन्चत कोष व्यवस्थापन अख्तियारी, लेखा, लेखा परीक्षण, आन्तरिक नियन्त्रण, सूचना प्रविधि), सार्वजनिक खरिद, स्थानीय सरकारको सम्पत्ति संरक्षण

| क्षमता विकास क्षेत्र | भूमिका हुने महाशाखा, शाखा तथा इकाइ र वडा सहित | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरु (शाखा तथा वडागत रुपमा) |
|---|---|---|---|
| **(क) मानव संसाधन विकास** | | | |
| विषय क्षेत्रगत नीति नियमहरू | १. प्रशासन शाखा | • केही विषय क्षेत्रगत नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरू तयार भएको | • तयार भएका नीति नियम कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्दै बाँकी नीति |

| | | | |
|---|---|---|---|
| | | | नियमहरू तयार गरी लागू गर्नुपर्ने<br>● बाँकी नीति नियमहरु तयार गरी लागु गर्ने |
| समावेशी विकास नीति (लैंङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास) | १. प्रशासन शाखा<br>२. महिला तथा बालबालिका शाखा | ● बाल संरक्षण नीति तयार भएको तर बाल अधिकारका सवालहरुलाई प्राथमिकतामा नपारिएको<br>● लैससास नीति तयार भएको<br>● लैङ्गिक सिमान्तकृत वर्गको लागि पर्याप्त बजेट विनियोजन हुन नसकेको | ● बालअधिकार, बालसंरक्षण, लैससास, GRB(Gender Responsive Budget), GBV (Gender Best Violence) सम्बन्धी क्षमता विकास गर्नुपर्ने |
| वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन | १. योजना शाखा | ● पारित गरिएका योजना पुरै कार्यान्वयन गर्न नसकिएको,<br>● अधिकांश योजनाहरू आ.व.को अन्तिमतिर कार्यान्वयनमा लगिने गरेको | ● सबै जनप्रतिनिधिहरु, सरोकारवालाहरुलाई स्थानीय तहको योजना तर्जुमा सम्बन्धि ज्ञान तथा सीपको विकास गर्ने |
| अनुगमन तथा मूल्याङकन प्रणाली | १. योजना शाखा<br>२. प्राविधिक शाखा<br>३. अनुगमन तथा मूल्यांकन समिति | ● अनुगमन तथा मूल्यांकन प्रकृया औपचारिकताको लागि गरिने गरेको,<br>● अनुगमन तथा मूल्यांकन निर्देशिका तयार भएको,<br>● अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन लेखन सीपमा प्रयाप्तता | ● अनुगमन तथा मूल्यांकन निर्देशिका तयार गरी लागु भएको,<br>● पालिका तथा वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिलाई तालिम दिने गरेको,<br>● समितिलाई अनुगमन तथा मूल्यांकन तालिम दिने गरेको,<br>● अनुगमन तथा मूल्यांकन समितिलाई अनुगमन तथा मूल्यांकन प्रतिवेदन लेखन तालिम दिने गरेको |
| विषय क्षेत्रगत नीति नियमहरू | १. प्रशासन शाखा | ● केही विषय क्षेत्रगत नीति नियम, कार्यविधि तथा निर्देशिका तयार भएको | ● तयार भएका विषय क्षेत्रगत नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन गर्न पर्ने बाँकी नीति नियमहरु तयार गरी लागु गर्ने |
| **(ख) संस्थागत क्षमता विकास** | | | |

| | | | |
|---|---|---|---|
| सेवा पहिचान र सेवा प्रवाहको लागि कर्मचारीको क्षमता विकास | १. प्रशासन शाखा | • चालु खर्चको अति न्यून अङ्क मात्र कर्मचारीको क्षमता विकासको लागि विनियोजन गरिएको र कार्यान्वयन भएको<br>• क्षमता विकासका क्षेत्रहरूको पहिचान हुन सकेको | • चालु खर्चको कम्तिमा १.५% भन्दा बढी बजेट क्षमता विकासमा खर्च गर्ने नीति तयार गर्नुपर्ने<br>• क्षमता विकासका क्षेत्रहरूको पहिचान गरी योजनावद्ध रूपमा कार्यान्वयन गर्ने |
| आन्तरिक सञ्चार | १. प्रशासन शाखा | • आन्तरिक संचारलाई दोहोरो सञ्चार प्रक्रियाअनुसार प्रभावकारी बनाउन सकिएको | • सबै कर्मचारीहरूलाई प्रभावकारी सञ्चार सीप सम्बन्धी तालिम दिने |
| कर्मचारीहरूको आचार संहिता | १. प्रशासन शाखा | • कर्मचारीहरूको आचार संहिता तयार गरिएको | • कर्मचारीहरूको आचार संहिता अनुसार कार्यान्वयन गरिने |
| कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्याङकन | १. प्रशासन शाखा | • प्रत्येक कर्मचारीहरुलाई कार्यविवरण दिने र कार्यसम्पादन मूल्यांकन गर्ने प्रणालीको विकास गरिएको | • प्रत्येक कर्मचारीहरुलाई निर्दिष्ट कार्यविवरण उपलब्ध गराउने<br>• कार्यसम्पादन मूल्यांकन गर्ने प्रणालीको विकास गरी त्यसैको आधारमा कार्यसम्पादन मूल्यांकन गर्ने |
| **(ग) सेवा प्रवाह मापदण्ड निर्धारण** | | | |
| कार्यक्रम, बजेट र खर्च प्रणाली | १. लेखा शाखा | • कार्यक्रम अनुसार लागत अनुमान नगरी बजेट विनियोजन हुदा पारित योजनाहरु पूर्णरुपमा कार्यान्वयन हुन सक्दैनन्,<br>• सार्वजनिक खरिद ऐनको मातहतमा रहेर खर्च गर्ने गरिन्छ | • प्रभावकारी योजना तर्जुमा तथा विनियोजन कुशलताको विकास गर्न जनप्रतिनिधिहरु, कर्मचारीहरु र सरोकारवालाहरुलाई तालिम दिने |
| सार्वजनिक खरिद प्रणाली | १. लेखा शाखा | • खरिद प्रकृयामा सा. खरिद ऐन ६४ को पालना गरिएका | • स्थानीय खरिद योजना निर्माण हुनुपर्ने |
| सम्पत्ति व्यवस्थापन | १. जिन्सी शाखा | • जिन्सि व्यवस्थापन सफटवेरका आधारमा सम्पत्ती व्यवस्थापन गर्ने गरिएको | • वैज्ञानिक खरिद योजना बनाएर मात्र खरिद कार्य सञ्चालन गर्न पर्ने |
| सेवाको गुणस्तर सुनिश्चितता | १. लेखा शाखा | • सेवाको गुणस्तर सुनिश्चितताको लागि कुनै मापदण्ड तयार गरिएको छैन | • SOP (Standard Operational Procedure) वा सेवा प्रवाह मापदण्ड तयार गरी लागु गर्ने |

| | | | |
|---|---|---|---|
| आन्तरिक नियन्त्रण र लेखा परिक्षण | १. लेखा शाखा | ● आलेप र मलेप हुने गरेको<br>● आन्तरिक नियन्त्रण प्रणाली तयार नगरिएको | ● आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने |
| **(घ) सूचना व्यवस्थापन** | | | |
| अभिलेख व्यवस्थापन | १. सूचना प्रविधि शाखा | ● वार्षिक योजना, सम्पन्न भएका योजना, सम्पन्न हुन वाकी योजना तथा कार्यालयका सूचनाहरु सर्भरमा राख्ने वारेमा छलफल भएर कार्यान्वयन भएको | ● आन्तरिक सञ्चार निर्देशिका तयार गरी कार्यान्वयन गर्ने<br>● सबै सूचनाहरुलाई सर्भरमा राख्ने गरेको |
| सूचना प्रविधिको उपयोग | १. सूचना प्रविधि शाखा | ● राजश्व अशुली अनलाइन प्रक्रियाबाट गरिएको र प्रतिवेदनहरु वेभसाइटमा राख्ने गरेको | ● पारदर्शिता र कार्यसम्पादनमा सहजता ल्याउन तालिम दिनुपर्ने |
| **(ङ) राजश्व परिचालन र वित्तीय अनुशासन** | | | |
| जनसहभागिता ( नितिगत तह र कार्यान्वयन तह) योजना चक्र, समावेशी, सरोकारवाला | १. प्रशासन शाखा<br>२. योजना शाखा | ● योजना चक्रमा जनसहभागितालाई कम महत्व दिइने गरेको<br>● उपभोक्ता मार्फत भन्दा टेण्डर, ठेक्का मार्फत योजना सञ्चालन जोड दिइने गरेको | ● योजनामा जनसहभागिता वृद्धि गर्न आन्तरिक सुशासन नीति तयार गरी लागु गर्ने |
| पारदर्शिता तथा सूचना प्रवाह | १. प्रशासन शाखा | ● सार्वजनिक सुनुवाई हुने गरेको | ● सुशासन नीति तयार गरी प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्ने<br>● पालिकाको योजन प्रगति तथा आर्थिक पक्षलाई नगारिक तथा सरोकारवालाको सहज पहुँच हुने व्यवस्था गर्ने |
| जवाफदेहिता र गुनासो व्यवस्थापन | १. प्रशासन शाखा | ● बहिर्गमन मत, गुनासो संकलन, गुनासो दर्ता तथा व्यवस्थापन गर्ने अभ्यास नरहेको | ● सुशासन नीति तयार गरी जवाफदेहिता र गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउने |
| **(च) समन्वय र सहकार्य** | | | |

| | | | |
|---|---|---|---|
| संघीय निकायहरू तथा प्रदेश सरकार | १. प्रशासन शाखा | ● समपूरक कोषका योजना बाहेक नगरपालिकाले संघीय निकाय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्यमा सञ्चालन गरिने साझा कार्यक्रम पहिचान गरिने अभ्यास नरहेको,<br>● साझा संयन्त्र बनाएर काम गर्ने अभ्यास नरहेको | ● नगरपालिकाले संघीय निकायहरू तथा प्रदेश सरकार सँग समन्वय र सहकार्य गर्ने साझा कार्यक्रमहरु पहिचान गरि साझा संयन्त्र बनाएर कार्यान्वयन गर्ने |
| सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | १. प्रशासन शाखा | ● एकल तथा साझा अधिकारसँग सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू सहकार्यका क्षेत्र पहिचान हुन सकेका छैनन् | ● एकल तथा साझा अधिकारसँग सम्बन्धित कार्यक्रम तथा परियोजनाहरूमा सहकार्यका क्षेत्रहरू पहिचान गरी नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने |
| गैसस तथा समुदायमा आधारित संस्थाहरू | १. प्रशासन शाखा<br>२. योजना शाखा | ● गैसस तथा टोल विकास संस्था परिचालन सम्बन्धी पालिकाको स्पष्ट नीति नभएको | ● गैसस तथा टोल विकास संस्था परिचालन कार्यविधि तयार गरी कार्यान्वयनमा गर्ने |
| निजी क्षेत्र | १. प्रशासन शाखा<br>२. योजना शाखा | ● निजी क्षेत्रसँग सहकार्य र साझेदारी गर्ने अभ्यास नरहेको | ● सार्वजनिक नीजि साझेदारी (PPA) नीति तयार गरी साझेदारीका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने |
| अन्तर स्थानीय सरकार | १. प्रशासन शाखा<br>२. योजना शाखा | ● केही विशेष सवालहरूमा मात्र अन्तर स्थानीय सरकार समन्वय र सहकार्य हुने गरेको | ● अन्तर स्थानीय सरकार साझेदारीका क्षेत्रहरू पहिचान गर्दै प्रभावकारी कार्यान्वयनका लागि नियमित रूपमा अन्तर स्थानीय सरकार समन्वय बैठक गर्ने |
| अन्तर विभाग वा महाशाखा वा शाखा | १. प्रशासन शाखा<br>२. योजना शाखा | ● अन्तर शाखा समन्वय हुने गरेको | ● अन्तर शाखा समन्वयलाई थप प्रभावकारी बनाउने |

**एकल, साझा अधिकार तथा संघीय ऐनको थप व्यवस्थाः**

१. आर्थिक विकासः कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र एकल अधिकार अन्तर्गतः सहकारी संस्था, स्थानीय बजार व्यवस्थापन (हाटबजार,

२. स्थानीयस्तरका व्यापारिकफर्म),कृषि,कृषि उत्पादनव्यवस्थापन,पशुपालन,पशु स्वास्थ्य,बेरोजगारको तथ्यांक संकलन(रोजगार सूचना केन्द्र,वैदेशिक रोजगार), कृषि प्रसारको व्यवस्थापन,सञ्चालनरनियन्त्रण र संघीयऐनको थप व्यवस्थाःघरेलुतथा सानाउद्योग

३. सामाजिक विकासः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः एकल अधिकार अन्तर्गतः आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ (खाद्य गुणस्तर, प्रदूषण, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन), खानेपानी, भाषा, संस्कृति र ललितकलाको

४. संरक्षण र विकास, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन र साझा अधिकार अन्तर्गतः खेलकुद, पत्रपत्रिका, स्वास्थ्य (स्वास्थ्य संस्था दर्ता अनुमति, औषधीजन्य वनस्पति, औषधी खरिद, आकस्मिक सेवा), समाजिक सुरक्षा तथा गरीबी निवारण (लक्ष्यित समूह)

५. भौतिक पूर्वाधारः सडक तथा पुल, झोलुङगे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा, सञ्चार : एकल अधिकार अन्तर्गतः स्थानीयस्तरका विकास आयोजना तथा परियोजना (विकास योजना, शहरी विकास, भवन, वस्ती, सार्वजनिक भवनहरू, पर्यटन क्षेत्रको विकास, घ वर्गको ठेक्का इजाजत आदि), स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, साझा अधिकार अन्तर्गतः स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारकरसँग्राहलयसंरक्षण,सम्वर्द्धनरपुनर्निर्माण तथा संघीय ऐनको थप व्यवस्थाः यातायात सेवा, सञ्चार सेवा, न्यूनतम दररेट निर्धारण, भवन निर्माण इजाजत तथा सडक व्यवस्था

६. वन, वातावरण तथा विपद् व्यवस्थापनः वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापनः एकल अधिकार अन्तर्गतः वातावरण संरक्षण र जैविक विविधता ( फोहरमैला व्यवस्थापन, वातावरण मैत्री, हरित क्षेत्र), विपद् व्यवस्थापन

७. खानी तथा खनिज पदार्थ संरक्षण, जलाधार संरक्षण, वन्यजन्तु तथा साझा अधिकार अन्तर्गतः वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जैविक विविधता संरक्षण, जल उपयोग, वातावरण, पर्यावरणसंरक्षण

**तालिका २: क्षमता विकास आवश्यकता पहिचानको क्रममा अध्ययन गर्नुपर्ने दस्तावेजको सूची अनुसूची – ४**

- नगरपालिकाको विगत ३ वर्षको नीति, कार्यक्रम तथा बजेट
- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन
- नगरपालिकाको कर्मचारी दरबंदी तथा पदपूर्तिको अवस्था
- नगरपालिकाको भवन, मेसिन, उपकरण तथा भौतिक स्रोत साधनहरू
- नगरपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधिहरू
- नगरपालिकाको प्रगति प्रतिवेदनहरू
- नगरपालिकामा सूचना प्रविधिको उपयोगको अवस्था
- नगरपालिकाका कार्यालय तथा वडा कार्यालयहरूको अवस्था
- सभा तथा कार्यपालिका संचालन व्यवस्था
- नेपाल सरकारको नीति कार्यक्रम तथा बजेट
- प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेटहरू
- विषयक्षेत्रगत नीति, कानून तथा नमूना कानूनहरू
- विभिन्न परियोजनाहरूबाट सञ्चालित योजना तथा कार्यक्रमहरू
- संघ तथा प्रदेशबाट पारित गरिएका नयाँ अवधारणा तथा नीतिहरू आदि ।

## तालिका ३: आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका फारम (अनुसूची ५ मा आधारित)

(क) नगरपालिकाको अधिकारको उपयोगको अवस्था

| **नगरपालिकाको अधिकार** | **उपयोग भए/नभएको** | **जनशक्ति भए/नभएको** |
|---|---|---|
| **(क) एकल अधिकार क्षेत्र** | | |
| नगर प्रहरी | नभएको | नभएको |
| सहकारी संस्था | भएको | भएको |
| एफ.एम. संचालन | नभएको | नभएको |
| स्थानीय कर, सेवा शुल्क, दस्तुर | भएको | भएको |
| स्थानीय सेवा व्यवस्थापन | भएको | भएको |
| स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन | भएको | नभएको |
| स्थानीय स्तरका विकास आयोजना तथा परियोजना | भएको | भएको |
| आधारभूत र माध्यमिक शिक्षा | भएको | भएको |
| आधारभूत स्वास्थ्य र सरसफाइ | भएको | भएको |
| स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | भएको | भएको |
| स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिंचाइ | भएको | भएको |
| नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | भएको | भएको |
| स्थानीय अभिलेख व्यवस्थापन | भएको | भएको |
| जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण | नभएको | नभएको |
| कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी | भएको | भएको |
| ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन | भएको | भएको |
| बेरोजगारको तथ्यांक संकलन | नभएको | नभएको |

| नगरपालिकाको अधिकार | उपयोग भए/नभएको | जनशक्ति भए/नभएको |
|---|---|---|
| कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | भएको | भएको |
| खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | भएको | भएको |
| विपद् व्यवस्थापन | भएको | भएको |
| जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | नभएको | नभएको |
| भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | नभएको | नभएको |
| **(ख) साझा अधिकारबाट प्राप्त अधिकार** | | |
| खेलकुद र पत्रपत्रिका | भएको | नभएको |
| स्वास्थ्य | भएको | भएको |
| विद्युत्, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू | भएको | भएको |
| वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता | भएको | भएको |
| सामाजिक सुरक्षा र गरीबी निवारण | भएको | भएको |
| व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क | भएको | भएको |
| स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, संवर्द्धन र पुनर्निर्माण | भएको | भएको |
| सुकुम्बासी व्यवस्थापन | नभएको | नभएको |
| प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | नभएको | नभएको |
| सवारी साधन अनुमति | भएको | नभएको |
| संघसंस्था दर्ता तथा नवीकरण | भएको | भएको |
| भूमि व्यवस्थापन | नभएको | नभएको |
| सञ्चार सेवा | भएको | भएको |

| नगरपालिकाको अधिकार | उपयोग भए/नभएको | जनशक्ति भए/नभएको |
|---|---|---|
| यातायात सेवा | भएको | भएको |
| घरेलु तथा साना उद्योग | भएको | भएको |

(ख) ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था

| गाउँ/नगरपालिकाको नीति, कानून तथा मापदण्ड बनाउने अधिकारका क्षेत्रहरू | नमूना कानूनहरूको उपलब्धता (२०७९ असाढसम्म) | मौजुदा कानून, मापदण्ड, कार्यविधि |
|---|---|---|
| (क) एकल अधिकार क्षेत्र | | |
| नगर प्रहरी | ● नभएको | ● नबनेको |
| सहकारी संस्था | ● स्थानीय सरकार सहकारी ऐन | ● भएको |
| स्थानीय कर, सेवा शुल्क, दस्तुर | ● स्थानीय सरकारको आन्तरिक ऐन नभएको<br>● व्यवसाय कर सम्बन्धी कार्यविधि<br>● घरबहाल कर व्यवस्थापन कार्यविधि<br>● स्थानीय सरकारको कर तथा गैह्रकर सम्बन्धी कानून | ● भएको |
| स्थानीय सेवा व्यवस्थापन | ● नगरपालिका कार्यविभाजन नियमावली नबनेको<br>● स्थानीय सरकारमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि | ● भएको |
| स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन | ● उपलब्ध नभएको | ● मापदण्ड बनाउनुपर्ने |
| स्थानीय स्तरका विकास आयोजना तथा परियोजना | ● घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि<br>● स्थानीय सरकारको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यर्विधि | ● भएको |
| आधारभूत र माध्यमिक शिक्षा | ● शिक्षा नियमावली | ● नभएको |
| आधारभूत स्वास्थ्य र सरसफाइ | ● स्वास्थ्य तथा सरसफाई कार्यविधि | ● नभएको |

| | | |
|---|---|---|
| स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | • स्थानीय सरकारबाट गरिने बजार अनुगमन निर्देशिका<br>• स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन | • नभएको |
| स्थानीय सडक, ग्रामीण सडक, कृषि, सडक र सिंचाइ | • उपलब्ध नभएको | • नभएको |
| नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | • न्यायिक समितिले उजुरीको कार्वाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि<br>• नगरसभा सञ्चालन कार्यविधि | • नभएको |
| स्थानीय अभिलेख व्यवस्थापन | • नभएको | • नबनेको |
| कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी | • कृषि व्यवसाय प्रवर्द्धन ऐन | • नभएको |
| कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | • कृषि व्यवसाय प्रवर्द्धन ऐन | • नभएको |
| खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | • खानेपानी उपभोक्ता कार्याविधि | • नभएको |
| विपद् व्यवस्थापन | • विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन<br>• नगर प्रमुख दैवि प्रकोप राहत कोष संचालन निर्देशिका | • स्थानीय विपद् तथा जलवायू उत्थान्शील योजना<br>• विपद् तथा जलवायू उत्थान्शील विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४ |
| जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | • उपलब्ध नभएको | • नबनेको |
| भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | • उपलब्ध नभएको | • नबनेको |

| | | |
|---|---|---|
| **(ख) साझा अधिकारबाट प्राप्त अधिकार** | | |
| वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता | • उपलब्ध नभएको | • नबनेको |
| सामाजिक सुरक्षा र गरीबी निवारण | • बालकल्याण गृह कार्यविधि<br>• बालविवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि<br>• सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि<br>• गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | • नबनेको<br>• नबनेको<br>• नबनेको<br>• नबनेको |
| प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | • उपलब्ध नभएको | • प्राप्त नभएको |
| सवारी साधन अनुमति | • ब्याक हो लोडर संचालन निर्देशिका<br>• टिपर संचालन निर्देशिका | • नभएको |
| संघसंस्था दर्ता तथा नवीकरण | • उपलब्ध नभएको | • नभएको |
| **(ग) व्यवस्थापन** | | |
| कार्यविभाजन र कार्य सम्पादन | • स्थानीय कार्य सम्पादन नियमावाली<br>• स्थानीय कार्य विभाजन नियमावाली | • नगर कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४<br>• नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ |
| भवन निर्माण तथा सडक सम्बन्ध सम्बन्धी व्यवस्था | • भवन निर्माण मापदण्ड | • नभएको |
| स्थानीय सञ्चित कोष | • नगरपालिकाको आर्थिक कार्यविधि ऐन<br>• स्थानीय सरकारको विनियोजन ऐन<br>• सार्वजनिक खरिद नियमावली | • आर्थिक ऐन |
| आकस्मिक कोष | • उपलब्ध नभएको | • नभएको |